Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष- १७, अंक- २३ २०८१ साल माघ १५ गते मंगलबार (Jan 28, 2025) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np
अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।
जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।
सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६
Email : janaakash .com .np@gmail .com

# संघिय संसदहरूको हिउदे अधिवेशनको कार्यतालिका तय



काठमाडौं - यही माघ १८ गतेदेखि सुरू हुने सङ्घीय संसद्को हिउँदे अधिवेशनको कार्यतालिका तयार गरिएको छ । सभामुख देवराज घिमिरेको अध्यक्षतामा १४ गते सिंहदरबारमा बसेको प्रमुख राजनीतिक दलका प्रमुख सचेतक र सचेतसहितको बैठकले माघ महिनाभरका लागि कार्यतालिका तयार गरेको हो ।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै सत्तारूढ दल नेकपा (एमाले) का मुख्य सचेतक महेश बर्तौलाले संसद्को हिउँदे अधिवेशनअन्तर्गत कार्यतालिका बनाइएको जानकारी दिए । उनका अनुसार संसद्को पहिलो दिन सुरूमा प्रधानमन्त्री एवं दलका शीर्ष नेताहरूले सम्बोधन गर्ने कार्यतालिका तय भएको छ । सोही दिन सरकारले ल्याएका विभिन्न अध्यादेश संसदमा पेस हुनेछन् ।

“संसद्को पहिलो दिनको बैठकमा प्रधानमन्त्रीले सम्बोधन गर्नुहुनेछ । त्यसपछि विपक्षी दलका नेतासहित सबै राजनीतिक दलका शीर्ष नेताहरूले सम्बोधन गर्ने प्रारम्भिक कार्यसूची तय गरिएको छ”, मुख्य सचेतक बर्तौलाले भने । माघ महिनाभरको संसद्को बैठकको कार्यतालिका तयार भएको र सोहीअनुसार अगाडि बढ्ने सहमति भएको नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले बताए ।

त्यसपछिका बैठकहरूमा संसदमा पेश भएका अध्यादेशहरू निर्णयार्थ प्रस्तुत गरिनेछन् । बैठकले तयार गरेको कार्यतालिका मङ्गलबार बस्ने कार्यव्यवस्था परामर्श समितिको बैठकले अनुमोदन गर्नेछ । मुख्य सचेतक बर्तौलाले आगामी अधिवेशनलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण विधेयक एवं थाती रहेका कानून पारित गर्नेगरी सत्तारूढ र प्रमुख प्रतिपक्षी दलबीच समझदारी भएको जानकारी दिएका हुन् ।

उनले संसद्को प्रभावकारिता बढाउँदै रचनात्मक र क्रियाशील बनाउन लागिपर्ने प्रतिबद्धता गठबन्धनको रहेको जन आकाश मिडियासँग कुरा गर्दै बताएका हुन् । बैठकमा नेकपा (माओवादी केन्द्र) का प्रमुख सचेतक हितराज पाण्डे र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सचेतक निशा डाँगी पनि सहभागी थिए ।

# अस्पतालबाट डिस्चार्ज भए सन्दीप लामिछाने



काठमाडौं- नेपाली राष्ट्रिय क्रिकेट टिमका सदस्य सन्दीप लामिछाने अस्पतालबाट डिस्चार्ज भएका छन् । क्रिकेटर लामिछानेको बालाजुस्थित सिल्भरलाइन अस्पतालमा गत बुधबार शल्यक्रिया भएको थियो ।


अस्पतालका प्रबन्धक डा. अभिषेक राज सिंहका अनुसार लामिछानेको राइट डाइरेक्ट इङ्गुइनल हर्नियाको टोटल एक्स्ट्रा पेरिटोनियल (मास रिपेयर) गरिएको हो ।

लामिछानेको शल्यक्रिया डा. दीपक शर्मा नेतृत्वको टोलीले गरेको थियो ।

शल्यक्रियापछि उनी अस्पतालमा स्वास्थ्यलाभ गर्दै आएका थिए ।

‘उहाँको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेकाले उपचारमा संलग्न चिकित्सकको सुझावअनुसार आज अस्पतालबाट डिस्चार्ज गरिएको छ,’ अस्पतालले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

# रुकुमको एउटै पालिकाबाट ६ करोडको अदुवा बिक्री



पश्चिम- रूकुम-पश्चिमको त्रिवेणी गाउँपालिकामा यस वर्ष अदुवा उत्पादन वृद्धि भएसँगै मूल्य पनि बढेको छ । गत वर्षभन्दा यस वर्ष अदुवाखेती गर्ने किसानको सङ्ख्या घटे पनि उत्पादन वृद्धि भएको हो ।

यस वर्ष यहाँबाट करिब छ करोडको अदुवा बिक्री भएको त्रिवेणी गाउँपालिकाका कृषि शाखा प्रमुख रमेश पुनले जानकारी दिए । उनका अनुसार अदुवा बिक्रीबाट किसानले पाँच करोड ९२ लाख आम्दानी गरेका छन् । दश वटा वडा रहेको त्रिवेणीमा एक हजार ९५० परिवारले अदुवाखेती गर्दै आएका छन् ।

प्रत्येक किसानले दुई रोपनीभन्दा बढी जग्गामा अदुवाखेती गर्दै आएका पुनले बताए । पालिकाभर हाल १९५ हेक्टर जग्गामा अदुवा उत्पादन भइरहेको उनले जानकारी दिए ।

कृषि शाखा प्रमुख पुनका अनुसार एक रोपनी क्षेत्रफलमा चार क्विन्टलभन्दा बढी अदुवा उत्पादन हुने गरेको छ । पालिकाभर यस वर्ष १५ हजार छ सय क्विन्टल अर्थात् १५ दशमलव छ मेट्रिकटन अदुवा उत्पादन भएको छ । किसानले प्रतिक्विन्टल तीन हजार आठ सयभन्दा बढी मूल्यमा अदुवा बिक्री गरेका उनले उल्लेख गरे ।

गत आर्थिक वर्षमा पालिकामा दुई हजार छ सय परिवारले अदुवाखेती गर्दै आएकामा यस वर्ष उक्त सङ्ख्या छ सय ५० ले घटेरको प्रमुख पुनले बताए । व्यापारी गाउँमा पुगेर अदुवा खरिद गर्ने गरेकाले बजारको समस्या नरहेको गाउँपालिकाको कृषि शाखाले जनाएको छ ।

व्यावसायिक रूपमा अदुवाखेती गर्दै आउनुभएका त्रिवेणी-४ खुम्चेरीका नरबहादुर खड्काले यस वर्ष अदुवा बिक्रीबाट एक लाख आम्दानी गरेको बतए । बीस वर्षदेखि अदुवाखेतीमा लागेका उनले निरन्तर खेती गर्दा मौसममा दुई लाखसम्म आम्दानी हुने जानकारी दिए ।

त्रिवेणी-६ बाँठाकोटका

» बाकी ६ पृष्ठमा

# काठमाडौंको इन्द्रचोकबाट स्रोत नखुलेको ३९ लाखसहित एक जना पक्राउ


**काठमाडौं–** काठमाडौं महानगरपालिका(२४ इन्द्रचोकबाट स्रोत नखुलेको नगद ३९ लाख ७८ हजार रूपैयाँसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा चितवनको भरतपुर महानगरपालिका-१५ घर भई हाल काठमाडौं टोखा बस्ने ४८ वर्षीय माधव श्रेष्ठ छन् ।

नलाई लाई आइतबार दिउँसो काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी इन्टिलिजेन्स शाखाबाट खटिएको टोलीले उक्त नगद सहित फेला पारी पक्राउ



गरेको हो ।



आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष -१७, अंक- २३, २०८१ साल माघ १५ गते मंगलबार (Jan 28, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### नेपालीहरू युवाहरूलाई डरलाग्दा काममा विदेश नपठाऔ ।

दिनानुदिन नेपाली युवाहरू विदेशको भुमिमा काम गर्न गइरहेका छन् । कतिपय राम्रै ठाउमा राम्रो आम्दानी गर्ने ठाउमा पुगेका छन् । यो राम्रो अवसर प्राप्त हुने ठाउको लागि त राम्रो कुरा हो । तर कतिपय ठाउमा त जोखिम मोलेर काम गर्नुपर्ने उस्तै परे ज्यान पनि जाने खतरा भएका देशहरू पनि छन् । जाहा कानून पनि कडा भएको र काम गर्न त्यस्तै जोखिम उठाउनुपर्ने कतिपय त्यस्तै कारणहरूले काम गर्ने शिलशिलामा मृत्यु भई लास मात्र नेपाल पर्कने गरेका थुप्रै घटनाहरु छन् ।

त्यसैले रोजगारीको लागि जानुभन्दा अगाडी राम्रोसँग बुझेर मात्र वैदेशिक रोजगारमा जाने श्रमिकले पनि सावधानी अपनाउनुपर्छ भने रोजागारको लागि पठाउने रोजगार एजेन्टले पनि पैशाको लागि मात्र नहेरेर नेपाली आमाका सन्तान आफ्नो दाजुभाईको जति माया लाग्छ त्यस्तै सोचेर मात्र वैदेशिक रोजगारमा पठाउनुपर्छ ।

त्यसैगरी सम्बन्धित निकाय विशेष गरेर श्रम तथा रोजगार मन्त्रालयले यस्ता मानवीय संवेदनशील क्षेत्रमा अत्यन्तै गहन ढंगवाट अध्ययन गर्ने र आफ्ना देशका नागरिकहरु वैदेशिक रोजगारमा जाने र कोही कोही त स्टुडेन्ट भिषामा समेत विदेश गएर रोजगार गरी जिवन यापन गर्ने गरेका छन् । उनिहरूको अवस्था, सुरक्षा, कस्तो छ भनेर खोजि नीति गर्ने छुट्टै संयन्त्र बनाएर काम गर्नुपर्ने देखिन्छ ।

सकभर देशमा नै राजगार सृर्जना गर्ने वातावरण बनाउन सक्नुपर्छ । यनि त्यस्तो अवस्था नहुनजेळ सम्मका लागि जोखिमयुक्त कामहरुमा आफ्ना देशका नागरिकलाई पठाउनु हुदैन ।

# स्वास्थ्य सेवामा सुधारको खाँचो



प्रविनकुमार यादव

*ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको न्यून पहुँच, दक्ष जनशक्तिको अभाव, स्रोत-साधनको कमी र जनचेतनाको न्यूनताले स्वास्थ्य सेवा प्रभावकारी हुन सकेको छैन । यी चुनौतीको समाधानका लागि पर्याप्त बजेट छुट्याई ग्रामीण क्षेत्रका स्वास्थ्य संस्थालाई आवश्यक उपकरण र औषधिले सुसज्जित गर्नुपर्छ । प्रशिक्षित स्वास्थ्यकर्मीको संख्या वृद्धि र तालिमका अवसरहरू विस्तार गर्नुपर्छ । यसले सेवाको गुणस्तर र पहुँच दुवैमा सुधार ळ्याउँछ ।*

स्वास्थ्य क्षेत्र प्रत्येक राष्ट्रका लागि अत्यन्त महत्त्वपूर्ण क्षेत्र हो, जसले समाजका प्रत्येक वर्गका नागरिकको जीवन र स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्दछ । स्वस्थ शरीर र मनले मात्र व्यक्ति र समाजलाई जीवनमा सफलता, प्रगति र शान्ति प्राप्त गर्न सक्षम बनाउँछ । स्वास्थ्य सेवा प्रणालीको सुधार र विकासको आवश्यकता निरन्तर महत्त्वपूर्ण रहेको छ, किनभने स्वास्थ्य नागरिकहरूको जीवनको आधारभूत पक्ष हो । नेपालमा हालको स्वास्थ्य सेवा प्रणालीले निश्चित हदसम्म उपलब्धि हासिल गरेको भए पनि, यसमा अझै सुधारको खाँचो छ । कानुनी प्रावधानहरू र अन्तर्राष्ट्रिय सन्धिहरूले स्वास्थ्य सेवाको अधिकार र गुणस्तरको सुनिश्चितता गर्ने प्रयास गरे पनि, वास्तविकता भने यी कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन र विकासमा विभिन्न चुनौती एवं अड्चनहरू रहेका छन् ।

नेपालको संविधान, २)७२ को धारा ३५ ले स्वास्थ्यलाई आधारभूत अधिकारका रूपमा परिभाषित गर्दै प्रत्येक नेपाली नागरिकलाई स्वस्थ जीवनयापन गर्न आवश्यक स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । संविधानले संघीय, प्रादेशिक र स्थानीय सरकारहरूलाई स्वास्थ्य सेवामा समानता र पहुँच सुनिश्चित गर्न स्पष्ट दायित्व तोकेको छ । नेपाल सरकारले 'स्वास्थ्य सेवामा राष्ट्रिय रणनीतिक योजना□ जस्ता कार्यक्रम सञ्चालन गरी स्वास्थ्य सेवाको पहुँच, गुणस्तर र उपलब्धता वृद्धि गर्ने प्रयास गरिरहेको छ । निःशुल्क औषधि वितरण, मातृ तथा शिशु स्वास्थ्य कार्यक्रम, बालस्वास्थ्य कार्यक्रम, स्वास्थ्य चौकीहरूको विस्तारजस्ता योजनाले मातृ मृत्युदर र बाल मृत्युदर घटाउनुका साथै रोग रोकथाममा उल्लेखनीय योगदान पुऱ्याएका छन् । यद्यपि, यी प्रयासहरूको प्रभावकारिता सीमित छ, किनभने ग्रामीण र दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको अभाव, दक्ष स्वास्थ्यकमीको कमी र आर्थिक स्रोतको न्यूनताजस्ता समस्याहरू विद्यमान छन ।

यस्तै, जनचेतनाको अभावले गर्दा धेरै नागरिक समयमै स्वास्थ्य सेवा खोज्न असमर्थ छन, जसले स्वास्थ्य समस्यालाई झन् जटिल बनाउँछ । त्यसैले, नेपालको स्वास्थ्य सेवा प्रणालीको विकासका लागि नीति निर्माणसँगै कार्यान्वयनमा ठोस कदम चाल्न आवश्यक छ । स्रोत-साधनको व्यवस्थापन, प्रशिक्षित मानव संसाधनको वृद्धि र अन्तर्राष्ट्रिय सहकार्यले स्वास्थ्य सेवामा सुधार ल्याउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । साथै, जनचेतना अभिवृद्धिका लागि विद्यालय स्तरदेखि नै स्वास्थ्य शिक्षा प्रदान गर्नुपर्छ । यी सबै उपायले नेपाललाई स्वास्थ्य सेवा प्रणालीलाई समावेशी, दिगो र प्रभावकारी बनाउने लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउनेछ ।

स्वास्थ्य सेवामा देखिएका चुनौतीहरु

नेपालको स्वास्थ्य सेवा प्रणालीले पछिल्लो दशकमा केही प्रगति गरे पनि, विभिन्न संरचनात्मक, आर्थिक, र व्यवस्थापकीय चुनौतीहरूले यसको प्रभावकारिता र पहुँचमा अवरोध उत्पन्न गरेका छन् । आर्थिक स्रोतको न्यूनता, ग्रामीण क्षेत्रमा सेवा पहुँचको कमी, दक्ष जनशक्तिको अभाव, संघीयतासँग सम्बन्धित समन्वय समस्याहरू, जनचेतनाको अभाव र निजी क्षेत्रको प्रभुत्व प्रमुख चुनौतीका रूपमा रहेका छन् । नेपालको स्वास्थ्य सेवा प्रणालीको सबैभन्दा ठूलो समस्या आर्थिक स्रोतको अभाव हो । २)७(⁄८) मा स्वास्थ्य क्षेत्रमा कुल बजेटको ६ ।५ प्रतिशत मात्र छुट्याइएको थियो, जुन विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको १)-१५ प्रतिशतभन्दा निकै कम हो । यसले देशभरका स्वास्थ्य सेवाहरूलाई प्रभावकारी बनाउन अवरोध पु□याएको छ ।

ग्रामीण क्षेत्रका स्वास्थ्य केन्द्रहरूमा पर्याप्त उपकरण, औषधि र पूर्वाधारको अभाव प्रमुख समस्याका रूपमा देखिएको छ । उदाहरणका लागि, दुर्गम गाउँका स्वास्थ्य केन्द्रहरूले सामान्य उपचारसमेत प्रभावकारीरूपमा गर्न नसक्दा नागरिकहरूले लामो दूरी पार गरी शहरी अस्पताल जानुपर्ने बाध्यता रहेको छ । नेपालको ६) प्रतिशत जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गर्छन् । तर, यिनै क्षेत्रमा स्वास्थ्य सेवा अत्यन्त सीमित छ । दुर्गम भौगोलिक बनावट, कमजोर यातायात सुविधा र स्वास्थ्य संस्थाको अभावले ग्रामीण बासिन्दाहरूलाई सेवा उपलब्ध गराउन कठिनाइ भएको छ । सरकारी प्राथमिकताहरू प्रभावकारीरूपमा लागू नभएकाले दुर्गमका बासिन्दाहरू अझै पनि गुणस्तरीय सेवाबाट वञ्चित भइरहेका छन् । प्राथमिक स्वास्थ्य केन्द्रहरूमा आवश्यक उपकरण र सेवा उपलब्ध नहुँदा आकस्मिक अवस्थामा समेत सेवाको पहुँच छैन ।

स्वास्थ्य सेवा सुधारका लागि यहाँ दक्ष जनशक्तिको उपलब्धता अत्यावश्यक छ । तर, ग्रामीण क्षेत्रमा स्वास्थ्यकमीहरू बस्न अनिच्छुक हुने गरेको देखिन्छ । उचित तालिम र आधुनिक प्रविधिको सीमित प्रयोगले यहाँको सेवा कमजोर बनाएको छ । २)२२ को तथ्यांकअनुसार, प्रतिहजार जनसंख्याका लागि नेपालमा) ।८ चिकित्सक र २ ।३ नर्स मात्र उपलब्ध थिए, जुन विश्व स्वास्थ्य संगठनको न्यूनतम मानकभन्दा निकै कम हो । यो अभावले ग्रामीण क्षेत्रका नागरिकहरूको जीवनस्तरमा प्रतिकूल प्रभाव पारेको छ । संघीय प्रणाली लागू भएसँगै संघीय, प्रादेशिक र स्थानीय सरकारहरूबीच समन्वयको कमीले योजना र नीति कार्यान्वयनमा अवरोध ल्याएको छ । कतिपय अवस्थामा जिम्मेवारीको अस्पष्टताले योजना प्रभावकारीरूपमा लागू हुन सकेको छैन । ग्रामीण क्षेत्रमा जनचेतनाको अभावले स्वास्थ्य अधिकार, नियमित परीक्षण र रोग रोकथाम सेवाबाट नागरिकहरू वञ्चित भइरहेका छन् । निजी क्षेत्रको प्रभुत्वले स्वास्थ्य सेवा महँगो भएको छ । सार्वजनिक क्षेत्रका सेवाहरू कमजोर हुँदा नागरिकहरूले महँगो निजी सेवाको भर पर्नुपर्छ । शहरमा निजी अस्पतालहरूको वृद्धिले गुणस्तरमा सुधार भए पनि आर्थिकरूपमा कमजोर वर्गका लागि यी सेवा पहुँचयोग्य छैनन् । ग्रामीण क्षेत्रमा स्वास्थ्य संस्थाको अभावले नागरिकहरूलाई महँगो निजी सेवा लिन बाध्य बनाएको छ ।

कानुनी प्रावधान र कमजोर कार्यन्वयन

नेपालमा स्वास्थ्य सेवामा सुधार गर्न राष्ट्रिय कानुनी प्रावधान र अन्तर्राष्ट्रिय सन्धिहरू महत्त्वपूर्ण छन् । नेपालको संविधान २)७२ को धारा ३५ अन्तर्गत स्वास्थ्यलाई नागरिकको मौलिक अधिकारका रूपमा मान्यता दिइएको छ । यस धाराले प्रत्येक नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने र सबै नागरिकको स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्न सरकारलाई जिम्मेवार ठहऱ्याएको छ । साथै, संविधानले मातृ स्वास्थ्य, बाल स्वास्थ्य र वृद्ध नागरिकहरूको हकमा विशेष व्यवस्था गरेको छ । स्वास्थ्य सेवा ऐन, २)७५ ले स्वास्थ्य सेवाको गुणस्तर र पहुँच सुधार गर्न कानुनी प्रावधानहरूको व्यवस्था गरेको छ । यस ऐनले स्वास्थ्य सेवाको व्यवस्थापन र निगरानीमा जोड दिँदै नागरिकलाई सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्य राखेको छ । संघीयता कार्यान्वयनसँगै संघीय, प्रादेशिक र स्थानीय सरकारहरूको भूमिकालाई स्पष्ट गरी स्वास्थ्य सेवा प्रणालीलाई समावेशी बनाउन जोड दिएको छ । अन्तर्राष्ट्रिय स्तरमा, नेपालले स्वास्थ्य सुधारका लागि विभिन्न सन्धिहरूमा प्रतिबद्धता जनाएको छ ।

नेपाल विश्व स्वास्थ्य संगठनको सदस्य राष्ट्र हो । संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यअन्तर्गत सार्वभौमिक स्वास्थ्य सेवा सुनिश्चित गर्ने लक्ष्यमा नेपालले सहमति जनाएको छ । अन्तर्राष्ट्रिय मानवअधिकार घोषणापत्र, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको अन्तर्राष्ट्रिय सन्धि, बालअधिकार महासन्धिजस्ता सन्धिहरूले नेपाललाई स्वास्थ्य अधिकार प्रवर्द्धन गर्न प्रोत्साहित गरेका छन् । तर, यी कानुनी प्रावधान र सन्धिहरूको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण छ ।

पहिलो, आर्थिक स्रोतहरूको अभावले ग्रामीण क्षेत्रका नागरिक गुणस्तरीय स्वास्थ्य सेवाबाट वञ्चित भइरहेका छन । दोस्रो, स्वास्थ्यकमी र आधुनिक उपकरणको अभावले सेवाको गुणस्तर प्रभावित भएको छ । तेस्रो, संघीयता कार्यान्वयनमा समन्वयको अभावले योजना र नीतिहरू प्रभावकारी हुन सकेका छैनन् । चौथो, स्वास्थ्य अधिकारबारे जनचेतनाको कमीले सेवाको पहुँच कमजोर बनेको छ । समस्याको समाधानका लागि प्रभावकारी नीति कार्यान्वयन, पर्याप्त स्रोत व्यवस्थापन, दक्ष स्वास्थ्यकमीको विकास र जनचेतना अभिवृद्धि आवश्यक छ । संघीयताअन्तर्गत सरकारका तीनै तहबीच समन्वय र सहकार्यले स्वास्थ्य सेवा प्रणालीलाई सुधार गर्न मद्दत गर्दछ ।

समाधानका उपायहरू

स्वास्थ्य सेवामा सुधारका लागि माथि उल्लिखित चुनौतीहरूको समाधान गर्न विभिन्न योजनाहरू र रणनीतिहरू अवलम्बन गर्नु अत्यन्त आवश्यक छ । पहिलो, स्वास्थ्य क्षेत्रमा वित्तीय लगानी बढाउँदै आर्थिक स्रोतको वृद्धि गर्नुपर्छ । स्वास्थ्य सेवाको पहुँच र गुणस्तर सुधार गर्न सरकारको बजेटको ठूलो अंश स्वास्थ्य क्षेत्रमा छुट्याउनुपर्छ । बजेट वृद्धिसँगै सरकारी र निजी क्षेत्रबीच सहकार्य बढाई सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहन गर्नुपर्छ, जसले स्वास्थ्य सेवाका पूर्वाधार र सुविधाहरूको विकासमा सहयोग पुऱ्याउँछ । दोस्रो, स्वास्थ्य शिक्षाको प्रवर्द्धनले दीर्घकालीन सुधारको आधार निर्माण गर्न सक्छ । नागरिकलाई स्वास्थ्य सेवाका अधिकार र उपलब्ध सेवाहरूको जानकारी दिन जनचेतना अभिवृद्धि गर्नुपर्छ ।

विद्यालय र विश्वविद्यालयमा स्वास्थ्य शिक्षा अनिवार्य गरी जनतालाई स्वास्थ्यसम्बन्धी जानकारी प्रदान गर्न सकिन्छ, जसले उनीहरूलाई आफ्ना स्वास्थ्य समस्याबारे सजग बनाउँदै समयमा नै उपचार खोज्न प्रेरित गर्छ । तेस्रो, ग्रामीण क्षेत्रको स्वास्थ्य सेवामा सुधार गर्नका लागि स्रोत र उपकरणहरूको सुनिश्चितता आवश्यक छ । ग्रामीण क्षेत्रका स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रहरूको संख्या वृद्धि गर्नुका साथै तिनीहरूलाई आवश्यक उपकरण र औषधिले सुसज्जित बनाउनुपर्छ । स्वास्थ्यकमीहरूको तालिमका अवसरहरू बढाएर ग्रामीण क्षेत्रमा प्रभावकारी सेवा प्रदान गर्न सकिन्छ । चौथो, प्रशिक्षित मानव संसाधनको वृद्धि आवश्यक छ ।

स्वास्थ्य क्षेत्रका कर्मचारीहरूको संख्या वृद्धि गर्दै उनीहरूको तालिम र कार्यक्षमतामा सुधार ल्याउनुका साथै कार्य वातावरणलाई अनुकूल बनाउनुपर्छ । यसले स्वास्थ्य सेवाको गुणस्तर सुधार्न र सेवा लिन आएका नागरिकहरूलाई सन्तुष्टि दिलाउन मद्दत पुऱ्याउँछ । अन्तर्राष्ट्रिय सहकार्यले आधुनिक प्रविधिको उपयोग, प्राविधिक ज्ञानको आदानप्रदान र दिगो स्वास्थ्य सेवाको विकासमा टेवा दिन्छ । यी सबै उपायहरूको प्रभावकारी कार्यान्वयनले स्वास्थ्य सेवा प्रणालीलाई समावेशी, गुणस्तरीय र दीर्घकालीन सुधारतर्फ उन्मुख बनाउन सहयोग गर्दछ ।

निष्कर्ष

नेपालको स्वास्थ्य सेवा प्रणालीलाई सुधार्न आर्थिक, सामाजिक र व्यवस्थागत चुनौतीहरूको समाधान गर्न आवश्यक छ । ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको न्यून पहुँच, दक्ष जनशक्तिको अभाव, स्रोत-साधनको कमी र जनचेतनाको न्यूनताले स्वास्थ्य सेवा प्रभावकारी हुन सकेको छैन । यी चुनौतीको समाधानका लागि पर्याप्त बजेट छुट्याई ग्रामीण क्षेत्रका स्वास्थ्य संस्थालाई आवश्यक उपकरण र औषधिले सुसज्जित गर्नुपर्छ । प्रशिक्षित स्वास्थ्यकमीको संख्या वृद्धि र तालिमका अवसरहरू विस्तार गर्नुपर्छ । यसले सेवाको गुणस्तर र पहुँच दुवैमा सुधार ल्याउँछ ।

साथै, विद्यालय स्तरमा स्वास्थ्य शिक्षा लागू गरी जनचेतना अभिवृद्धि गर्नु दीर्घकालीन सुधारका लागि महत्त्वपूर्ण छ । सार्वजनिक-निजी साझेदारी र अन्तर्राष्ट्रिय सहकार्यबाट वित्तीय र प्राविधिक सहयोग प्राप्त गर्दै आधुनिक प्रविधिको उपयोग स्वास्थ्य सेवामा सुधारका लागि उपयोगी हुनेछ । यसरी, स्पष्ट रणनीति र ठोस कार्यान्वयनका साथ स्रोत व्यवस्थापन, दक्ष जनशक्ति विकास र जनचेतना अभिवृद्धिजस्ता उपायहरूले स्वास्थ्य सेवा प्रणालीलाई समावेशी, सुलभ र दिगो बनाउँदै नागरिकहरूको स्वास्थ्य अधिकार सुनिश्चित गर्न सकिनेछ ।

# मेयर हर्क साम्पाङलाई कारबाही गर्न महासंघको माग



काठमाडौं- नेपाल पत्रकार महासंघले धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङलाई कानुनी कारबाही गर्न सरकारसँग माग गरेको छ । महासंघकी अध्यक्ष निर्मला शर्माको नेतृत्वमा गएको प्रतिनिधि मण्डलले गृहमन्त्री रमेश लेखकलाई सोमबार मन्त्रालयमा भेटेर यस्तो माग गरेको हो ।

पत्रमा सुनसरीस्थित धरानका पत्रकार गोपाल दाहाललाई समाचार लेखेकै कारण गालीगलौज गर्ने, धम्की दिने र थप समाचार लेख्नै नदिनेसम्मका हर्कत गर्ने विरुद्ध राज्यले कुनै कारबाही नगर्नुले राज्यको प्रेस स्वतन्त्रताप्रतिको दृष्टिकोणमै प्रश्न उठिरहेको उल्लेख छ । 'अतः महासंघले दाहालसँग जोडिएको घटनाको स्थलगत अध्ययन गर्न गठन गरेको मिसनले तयार पारेको प्रतिवेदनले दोषी औंल्याएका जो कोहीलाई तत्काल कानुनी कठघरामा उभ्याएर प्रेस स्वतन्त्रताप्रति सरकारको प्रतिबद्धतालाई व्यवहारमा उतार्न आवश्यक कदम चालिदिनु हुन महासंघ माननीय गृहमन्त्री समक्ष अनुरोध गर्दछ' महासंघका महासचिव रामप्रसाद दाहालद्वारा हस्ताक्षरित पत्रमा माग गरिएको छ ।

सो प्रतिवेदनमा धरानका मेयर हर्क साम्पाङ र उनका समर्थकले दाहाललाई समाचार लेखेकै कारण ज्यान लिनेसम्मको धम्की दिएको उल्लेख छ । यस्तै नगर प्रमुख साम्पाङले नगर प्रमुखको कार्यभार सम्हालेलगत्तै उनले सुरु गरेको श्रमदानको अभियानलाई सकारात्मक मान्न सकिए पनि धरानको विकासका लागि श्रमदानमार्फत संकलन गरेको रकम उपमहानगरपालिकाको खातामा जम्मा नगरी निजी खातामा राखेर आफूखुसी निकासा गरेको समाचारको विषय बनेको मात्र होइन स्थानीय सरकारको आर्थिक कारोबारमा पारदर्शीताको गम्भीर प्रश्न उठेकाले यसबारे राज्य संयन्त्रले छानबिन गर्नुपर्ने मिसनको प्रतिवेदनले औंल्याएको छ ।

महासंघको पत्रमा योसँगै प्रेस स्वतन्त्रता हननका घटनाहरूमा संलग्नहरू सबैलाई कानुनी दायरामा ल्याउन आग्रह गरिन्छ भनिएको छ । पत्र बुझ्नेसँगै गृहमन्त्री लेखकले महासंघको मागप्रति ध्यानाकर्षण भएको उल्लेख गर्दै प्रेस स्वतन्त्रता हननमा संलग्नहरूलाई राज्यले कानुनी दायरामा ल्याउने प्रतिबद्धता जनाएका छन् ।

# कांग्रेसले सार्वभौम सांसदलाई नियन्त्रण गर्न सक्दैन : सांसद बजगाईं

काठमाडौं- नेपाली कांग्रेसका सांसद राजेन्द्र बजगाईंले पार्टी नेतृत्वले आफ्ना सांसदहरूलाई मन्त्रीहरूविरुद्ध बोल्न वा लेख्न नदिने प्रयास उचित नरहेको बताएका छन् ।

संसदीय दलको बैठकमा बोल्दै उनले सांसदहरू पार्टीका अधीनस्थ नभई जनताका सार्वभौम प्रतिनिधि भएको बताएका हुन् ।

सांसद बजगाईंले बेलायतको उदाहरण दिँदै भनेका छन्, 'पूर्वप्रधानमन्त्री डेभिड क्यामरुनले एक स्वास्थ्य उपकरण आपूर्तिकर्तालाई रात्रिभोजमा घुसाएको कारण आफ्नो स्वास्थ्यमन्त्रीलाई पदमुक्त गरेका थिए । क्यामरुनले कैयौं मन्त्रीहरूलाई बर्खास्त गर्दै नैतिक शासनप्रति आफ्नो प्रतिबद्धता देखाए । जुन कुरा नेपालका नेताहरूले सिक्न आवश्यक छ ।'

बजगाईंले विभिन्न विवाद र भ्रष्टाचारका आरोपहरूबारे सरकारमा रहेका र नरहेका सबैले प्रष्ट पार्नुपर्ने बताए । आफ्नो पार्टीका सभापति शेरबहादुर देउवा लोकतान्त्रिक मूल्यहरूबारे गहिरो गरी जानकार रहेको उल्लेख गर्दै उनले त्यस्ता सभापतिबाट बोल्नै रोकिनु अपेक्षा नगरिएको बताए ।

पार्टी नेतृत्वको आन्तरिक गुनासाहरू केवल पार्टी फोरममै सीमित गर्नुपर्ने धारणा पनि गलत रहेको बजगाईंको टिप्पणी छ ।



नेतृत्वको आलोचना गर्न नपाइने अभ्यास कम्युनिस्ट पार्टीहरूमा हुने गरेको उल्लेख गर्दै उनले त्यसको सिको कांग्रेसजस्तो लोकतान्त्रिक दलमा नहुने धारणा राखे ।

# ओलीको जन्मघर नजिकै प्रचण्डले गरे जनयुद्ध स्मारकको शिलान्यास



तेह्रथुम- माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्डले प्रधानमन्त्री समेत रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको जन्मस्थान तेह्रथुमको आठराईमा जनयुद्ध तथा शान्ति स्मारकको शिलान्यास गरेका छन् ।

सोमबार उपमहासचिव वर्षमान पुनलाई लिएर तेह्रथुम पुगेका प्रचण्डले आठराई गाउँपालिका-३ मा जनयुद्ध शान्ति सङ्ग्रहालयको शिलान्यास तथा सोही स्थानमा निर्मित ह्वाकू बगाले शहीद पार्कको उद्घाटन गरेका हुन् । माओवादी तेह्रथुमका नेता रघु गौतमका अनुसार स्मारक निर्माणका लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले चालु आर्थिक वर्षको बजेटमा एक करोड रुपैयाँ विनियोजन गरेको छ ।

पाँचथरको गोपेटार प्रहरी चौकी आक्रमणमा घाइते भएका लडाकुहरूको उपचार भइरहेको स्थानलाई घेरा हाली सुरक्षाकर्मीले आक्रमण गरेका थिए ।

सो स्थान प्रधानमन्त्री ओलीको गाउँ साबिकको इवा गाविस-२ तथा हालको आठराई गाउँपालिका-४ खानीगाउँ नजिकै अवस्थित छ ।

प्रमुख दुई कम्युनिस्ट घटक एमाले र माओवादीबिच सशस्त्र माओवादी युद्धलाई जनयुद्ध वा हिंसात्मक द्वन्द्व भन्ने विषयमा मतभेद जारी रहेका बेला प्रचण्डले ओलीको गाउँमा जनयुद्ध स्मारकको शिलान्यास गरेका हुन् । सो क्षेत्रबाट कोशी प्रदेशसभामा माओवादी केन्द्रका दुर्गा चापागाईं निर्वाचित भएका छन् ।

केपी ओलीको जन्मघर नजिकै निर्माण हुन लागेको सङ्ग्रहालय ३३ रोपनी क्षेत्रफलमा फैलिएको छ ।

तत्कालीन बाबुराम भट्टराई नेतृत्वको सरकारले विसं २)७( सालमा उक्त स्थानमा स्मारक र सङ्ग्रहालय बनाउने निर्णय गरेको थियो ।

स्मारक शिलान्यास कार्यक्रममा प्रचण्डले जनयुद्धमा पहिलो पटक ठुलो नरसंहार भएको स्थानलाई राजनीतिक पर्यटनको गन्तव्य बनाउन सकिने बताए ।

'यो क्षेत्रमा सङ्ग्रहालय निर्माण गरेर पूर्व क्षेत्रको ऐतिहासिक राजनीतिक पर्यटनको गन्तव्य बनाउन सकिन्छ, प्रचण्डले भने ।

एमाले र कांग्रेस सम्मिलित गठबन्धनप्रति कटाक्ष गर्दै प्रचण्डले यो गठबन्धन दल र दल मिलेर नभई दलाल-दलाल मिलेर निर्माण गरेको आरोप लगाए ।

शिलान्यास कार्यक्रममा उक्त घटनामा मारिएका सबै २१ जनाका परिवारका सदस्यलाई प्रचण्डले दोसल्ला ओढाएर सम्मान गरेका थिए । प्रचण्डले जनयुद्धका समयमा पूर्वी कमान्डको सैन्य राजनीतिक नेतृत्व गरेका माओवादी उपमहासचिव वर्षमान पुनलाई पनि सँगै लिएर तेह्रथुम पुगेका थिए ।

# रामेछाप डायरी

## रामेछाप अस्पतालमा यहि माघ २७ र ३० गते विशेषज्ञ चिकित्सकले सेवा दिने

रामेछाप- रामेछाप अस्पताल रामेछापमा हरेक महिनाको १ दिन विशेषज्ञ चिकित्सकले सेवा दिइरहेका छन । अस्पतालमा विशेषज्ञ/विशिष्टिकृत सेवा विस्तार गर्न हरेक महिनाको १ दिन विशेषज्ञ चिकित्सक सहितको ओ.पि.डी सेवा संचालन भइरहेको अस्पतालका अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. केशव श्रेष्ठले बताउनुभयो ।

यहि माघ २७ गते आइतबार मुटु रोग विशेषज्ञ,स्त्री रोग विशेषज्ञ,नाक कान तथा घाँटी रोग विशेषज्ञले सेवा दिनेछन । यसैगरी माघ ३० गते बुधबार पेट,आन्द्रा तथा कलेजो रोग विशेषज्ञ र मानसिक तथा नशा रोग विशेषज्ञले सेवा दिने निमित्त मेसु श्रेष्ठले बताउनुभयो । बिहान ८ बजेदेखि १२ बजेसम्म बिरामीले नाम दर्ता गर्न सक्नेछन् । बिहान ११ बजेदेखि बिरामी चेकजाँच सुरु हुने अस्पतालले जनाएको छ । स्वास्थ्य बिमा गर्नुभएको सेवाग्राहीलाइ अनिवार्य बिमा कार्ड लिएर आउन पनि अस्पताल प्रशासनले आग्रह गरेको छ ।




साथै सहिद दिवसको अवसरमा यहि माघ १६ गते ३० वर्ष माथिका नागरिकहरुलाई निशुल्क नसर्ने रोग (उच्च रक्तचाप, मधुमेह, दम, उच्च कलेष्ट्रोल, आदि) पहिचानको लागि जाँच गराईने भएकाले निशुल्क सेवाको फाईदा लिई स्वास्थ्य जाँच गर्न पनि अस्पतालले अनुरोध गरेको छ । रामेछाप अस्पतालमा बाल रोग विशेषज्ञ डा निरज श्रेष्ठले २४ सै घण्टा सेवा दिइरहनुभएको छ । अस्पतालमा विशेषज्ञ चिकित्सक सहितको सेवा प्रवाह भएपछि बिरामीको चाप बढेको छ ।

## किशोरीहरूका लागि आत्मरक्षा सम्बन्धी ३ दिने तालिम



रामेछाप- रामेछाप नगरपालिकाको आयोजनामा किशोरीहरुका लागि आत्मरक्षा सम्बन्धी ३ दिने तालिम आज रामेछाप नगरपालिकामा सम्पन्न भएको छ । तालिममा रामेछाप नगरपालिका भित्रका माध्यमिक तहका हरेक विद्यालयबाट २ जना किशोरी, नगरबाल सञ्जाल, वडा बाल सञ्जाल, विद्यालय नर्स र एकजना शिक्षकलाई आत्मरक्षा सम्बन्धी तालिम दिईएको छ ।

तालिममा सहभागि भएपछि धेरै सिप सिकेको र सिकेको सिप तालिमहलमै नछोडी व्यवहारमा लागु गर्ने विद्यालयमा गएर साथीहरुलाई पनि सिकाउने तालिमका सहभागि किशोरी निकिता नेपालीले बताउनुभयो । त्यस्तै तालिमका सहभागि शिक्षक देवी दाहालले सैद्धान्तिक र प्रयोगात्मक ढङ्गले सिकाएकोमा खुशी व्यक्त गर्नुभयो । साथै आगामि दिनमा पनि यो कार्यक्रमलाई निरन्तरता दिन आग्रह गर्नुभयो ।

समापन कार्यक्रममा बोल्दै रामेछाप नगरपालिकाका उपप्रमुख बालकुमारी कार्की थापाले समस्या परेपछि मात्र आत्मरक्षा गर्ने गर्ने भन्दा पनि सुरुमै आफूसँग कुन नियतले व्यवहार गरिरहेको छ ? त्यो बुझ्ने र त्यसको प्रतिकार गर्नुपर्ने बताउनुभयो । सुरुमा बुझेर प्रतिकार गर्ने प्रतिकार गर्दा पनि समस्या समाधान नभएमा उजुरी गर्ने, विद्यालयका शिक्षकलाई घरमा अभिभावकलाई जानकारी गराउन आग्रह गर्नुभयो ।

तालिमको समापन कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथी रामेछाप नगरपालिकाका नगरप्रमुख लवश्री न्यौपानेले आफुमा सकारात्मक सोच राख्नुपर्ने, आफु बदलिने र अरुलाई बदल्नुपर्ने बताउनुभयो । कसैले फकाउन, प्रलोभन देखाउन र डर, धम्की, त्रास देखाउन पनि सक्ने भएकाले यस्तो अवस्थामा सहजीकरण गर्ने, निराकरण गर्ने र कसरी आत्मरक्षा गर्ने भन्ने विषयमा अव सक्षम भएकोमा खुशी व्यक्त गर्नुभयो ।

प्रशिक्षक पार्वती कडेरियाले तालिमको प्रशिक्षण दिनुभएको थियो भने तालिमको सहजीकरण रामेछाप नगरपालिका महिला तथा बालबालिका शाखाका शाखा प्रमुख विमला शर्माले गर्नुभएको थियो ।

## रामेछाप अस्पतालमा विरामीको चाप बढ्दो

रामेछाप- जाडो बढेसँगै रामेछाप अस्पतालमा विरामीको चाप बढेको छ । आजभोली दैनिक विरामीको संख्या बढ्दो छ । अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. केशव श्रेष्ठका अनुसार हाल दैनिक १ सय देखी १ सय ५० जनासम्म विरामीहरु अस्पतालमा आउने गरेका छन् ।

जाडो बढेसँगै अस्पतालमा दम, रुघाखोकी, ज्वरो, निमोनिया, सुगर/प्रेसर कन्ट्रोल नभएका बिरामीहरुको चाप बढेको उहाँले बताउनुभयो । अस्पतालको सबै शैया बिरामीले भरिएको छ । अहिले २४ जना बिरामी वेड भर्ना भएर उपचार गराइरहेको निमित्त मेसु श्रेष्ठले बताउनुभयो । वेड भर्ना भएका धेरै बिरामीहरु दम, रुघाखोकी, ज्वरो, निमोनियाको रहेको उहाँले बताउनुभयो ।

अस्पतालमा दैनिक बालकदेखि बृद्धबृद्धा तथा सवै उमेर समूहका विरामीहरु चेकजाँचको लागि आउने गरेको अस्पतालले जनाएको छ । पछिल्लो समय आर्थिक अवस्था कमजोर भएका धेरै बिरामीहरु अस्पतालमा आएर निशुल्क उपचार सेवा लिएर गएका छन । अस्पतालमा हरेक महिनाको एक दिन विशेषज्ञ चिकित्सकले सेवा दिइरहेका छन ।

अस्पतालमा विशेषज्ञ/विशिष्टिकृत सेवा विस्तार भएपछि उपचारको लागी आउने



बिरामीको संख्यामा समेत वृद्धि भएको छ । अस्पतालमा प्रसुती सेवा लिने महिलाको संख्या समेत बढेको छ । वितेको ४ आर्थिक वर्षको तथ्याङ्कलाई हेर्दा अस्पतालमा प्रसुती सेवा लिने महिलाको संख्या दोब्बरले बढेको हो । पछिल्लो समय जिल्लामै भरपर्दो प्रसुति सेवा सञ्चालन भएपछि जिल्लाबासीलाई सहज भएको छ ।

प्रसुति सेवाकै लागि चर्को शुल्क तिरेर राजधानी काठमाडौं लगायत सुविधा सम्पन्न अस्पताल लानुपर्ने महिलाका लागि जिल्लामै भरपर्दो प्रसुति सेवा सञ्चालन भएपछि सहज भएको हो । प्रसुति सेवाकै लागि रामेछाप सहित छिमेकी जिल्ला सिन्धुली, ओखलढुंगा र दोलखाबाट समेत आउने गरेको अस्पतालले जनाएको छ ।

जनआकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २३, २०८१ साल माघ १५ गते मंगलबार (Jan 28, 2025)

# बिहीबारदेखि भृकुटीमण्डपमा चेम्बर एक्स्पो २०२५




काठमाडौं- नेपाल चेम्बर अफ कमर्सले चेम्बर एक्स्पो २०२५ आयोजना गर्ने भएको छ । आठौं चरणको यो एक्स्पो आउने माघ १७ गतेदेखि २१ गतेसम्म भृकुटीमण्डपमा आयोजन गर्न लागेको हो ।

स्थानीय उत्पादनहरुको प्रवर्धन एवं बजारीकरण तथा व्यापार अभिवृद्धि गर्ने उद्देश्य एक्पोको रहेको चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले बताएका छन । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको व्यापार तथा निकासी प्रवर्धन केन्द्रसँगको सहकार्यमा चेम्बरले एक्स्पो गर्न लागेको हो ।

आजको कार्यक्रममा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी प्रमुख शरद विक्रम राणाले देश भित्र खपत हुने सफ्टवेयरहरुको प्रयोग गर्दा आन्तरिक उत्पादन एवं प्रतिस्पर्धाकै आधारमा चयन गरिनुपर्नेमा जोड दिए ।

क्षेत्रीय एवं अन्तर्राष्ट्रिय व्यापारिक समुदायको प्रत्यक्ष सहभागिताले अन्तर्राष्ट्रिय क्षेत्रमा भइरहेका आर्थिक गतिविधी, प्रविधिको प्रयोग एवं व्यापार व्यवस्थापनका नयाँ आयामहरूलाई नजिकबाट नियाल्न सहयोग पुग्ने चेम्बर मेला समितिका सभापति राष्ट्रभुषण चाकुबजीले जानकारी दिए ।

चेम्बर अफ कमर्सको सूचना प्रविधि समति सभापति विज्ञान श्रेष्ठले चेम्बर एक्स्पोमा यो पटक आईटी उत्पादनहरुलाई उच्च प्राथमिकतामा राखिएको बताए ।

चेम्बर एक्स्पोमा नेपाल, बंग्लादेश, भारत, चीन, थाईल्याण्ड, युएई, दक्षिण कोरिया, मलेसिया, पाकिस्तान लगायतका देशहरुमा उत्पादित वस्तुहरुको प्रर्दशनी र व्यवसायीहरुले सहभागिता जनाउने जनाइएको छ ।

स्वदेशी र विदेशी गरि १२५ भन्दा बढी स्टलहरु एक्स्पोमा राखिनेछन् । ५ दिन सम्म चल्ने एक्स्पोमा कम्तिमा ५० हजार दर्शकले अवलोकन गर्ने अनुमान आयोजकको छ ।

# आयातका लागि डलर बेचेर भारु खरिद बढ्दै

काठमाडौं- डलर बिक्री गरेर भारतीय रुपैयाँ (भारु) किन्ने क्रम बढ्न थालेको छ । चालु आर्थिक वर्ष ५ महिनामा १ अर्ब ६४ करोड २० लाख रुपैयाँ डलर सटही बापत १ खर्ब ३७ अर्ब भारु खरिद गरिएको छ ।

पोहोर पाँच महिनामा १ अर्ब ३८ करोड रुपैयाँ डलर बिक्री गरी १ अर्ब ३८ करोड रुपैयाँ भारु खरिद गरिएको थियो । चालु आर्थिक वर्ष साउनमा २८ अर्ब ५८ करोड भारु खरिद गरिएको थियो ।

त्यसैगरी, भदौमा १८ अर्ब ५५ करोड, असोजमा २५ अर्ब १६ करोड, कात्तिकमा २८ अर्ब ६३ करोड र मंसिरमा ३७ अर्ब २१ करोड रुपैयाँ भारु खरिद गरिएको तथ्यांकमा उल्लेख छ ।

डलर बिक्री गरी भारु खरिद गर्नु भनेको भारतबाट वस्तु आयात बढ्नु हो । वस्तु आयात बढ्दै जाँदा डलर बिक्री गरी भारतीय रुपैयाँ खरिद गर्ने क्रम बढ्ने राष्ट्र बैंकका अधिकारीहरु बताउँछन् ।

दुई वर्षदेखि आयात अपेक्षितरुपमा बढ्न नसक्दा अर्थतन्त्रले गति लिन सकिरहेको छैन । आयातमा कमीले बैंक तथा वित्तीय संस्थाहरुमा लगानीयोग्य रकम थुप्रिएको छ भने बैंक ब्याजदर न्युनतम विन्दुमा आएको छ । यस्तै विदेशी मुद्रा सञ्चिति राष्ट्र बैंकमा थुप्रिएकाले अर्थतन्त्र चलायमान हुन सकेको छैन ।

अर्थतन्त्रले गति लिन नसक्दा राजस्व लक्ष्यअनुरुप संकलन हुन नसकेको अवस्था छ । लक्ष्यअनुसार राजस्व नउठ्दा विकास निर्माणको काममा असर परेको छ । पूर्वाधार निर्माणले तीव्रता लिन नसक्दा त्यसको असर अर्थतन्त्रमा देखिएको छ ।

डलर बिक्री गरेर भारु साट्ने क्रम बढेसँगै आयातमा सुधार देखिन थालेको छ । पुस महिनामा यो वर्षकै धेरै आयात भएको छ । भन्सार विभागका अनुसार पुसमा १ खर्ब ६१ अर्ब रुपैयाँको वस्तु आयात भएको हो ।

अर्थविद् केशव आचार्य भारु खरिद बढ्दा यसले भारतबाट हुने आयात बढ्न थालेको भनेर बुझ्नुपर्ने बताउँछन् ।

'नेपालमा आयात हुने अधिकांश वस्तु भारतबाट आउँछ । हाम्रो निर्यातको तुलनामा आयात धेरै छ,' उनले भने, 'भारतसँग स्थिर विनिमय दर प्रणाली अवलम्बन गरेका कारण आयातित वस्तुको भुक्तानी भारुमा दिनुपर्ने हुन्छ ।'

अहिले विदेशी विनिमय सञ्चिति पर्याप्त छ । डलर बेचेर साटेको भारुबाट वस्तु आयात गर्दा मुद्रा सञ्चितिमा खासै फरक नपर्ने उनको भनाइ छ ।

'बीओपी भारतसँग घाटामा भए पनि समग्रमा घाटामा छैन । त्यसकारण तत्काल केही फरक पर्दैन,' उनले भने, 'भविष्यमा सञ्चिति केही घट्छ । विदेशी विनिमय सञ्चिति घट्दै गयो भने ब्याजदर बढ्दै जाने सम्भावना हुन्छ । तर, ७ महिनालाई पुग्ने सञ्चिति भए



पुग्नेमा अहिले १५ महिनाका लागि पुग्ने रहेकाले डलर बिक्री गरी भारु खरिदले फरक पर्दैन ।

चालु आर्थिक वर्ष छ महिनामा ८ खर्ब २२ अर्बको वस्तु आयात भएको छ । पोहोर यसै अवधिमा ७ खर्ब ६८ अर्बको वस्तु आयात भएको थियो ।

नेपालमा अधिकांश वस्तु भारतबाट आयात गर्ने गरिएको छ । अधिकांश वस्तु आयात गर्दा भारुमा नै भुक्तानी गर्ने गरिएको छ । त्यसकारण राष्ट्र बैंकले डलर बिक्री गरेर भारुको आपूर्ति गर्नुको विकल्प छैन ।

चालु आर्थिक वर्ष भारतबाट मात्रै ५ खर्ब २ अर्ब ८५ करोड रुपैयाँको वस्तु आयात गरिएको भन्सार विभागको तथ्यांक छ । यो कुल आयातको ६१ प्रतिशत हो ।

भारतबाट साउनमा ७७ अर्ब ६८ करोड, भदौमा ८२ अर्ब ९७ करोड, असोजमा ८० अर्ब, कात्तिकमा ७६ अर्ब, मंसिरमा ९४ अर्ब र पुसमा ९२ अर्ब रुपैयाँ बराबरको आयात भएको छ ।

राष्ट्र बैंकका कार्यकारी निर्देशक गुणाकर भट्ट डलर बिक्री गरेर भारु खरिद गर्नु भनेको भारतबाट वस्तुको आयात बढ्न थालेको रुपमा लिनुपर्ने बताउँछन् ।

'भारु साट्ने रेसियो बढ्नुले भारतबाट आयात बढ्न थालेको भन्ने देखाउँछ । आयातको भोलुम बढेन भने हामीले आयात गर्ने वस्तुको मूल्य बढ्न थालेको भन्ने बुझ्नुपर्छ,' उनले भने, 'आयात बढ्नु भनेको आर्थिक गतिविधि बढ्ने संकेत हो ।'

वस्तुगत आधारमा यातायात उपकरण, सवारी साधन तथा सवारी साधनका स्पेयर पाट्र्स, भटमास तेलको कच्चा पदार्थ, स्पन्ज आइरन, लसुन लगायतको आयात बढेको छ । कच्चा पर्दाथको आयात बढ्नुले अर्थतन्त्र चलायमान हुने संकेत देखिएको जानकारहरु बताउँछन् ।

# CEAN को CSR पहललाई समर्थन गर्दै हिमालय एअरलाइन्स

काठमाडौं- चाइनिज इन्टरप्राइजेज एसोसिएसन अफ नेपाल CEAN सँगको सहकार्यमा सामाजिक उत्तरदायित्व पहलका लागि हिमालय एअरलाइन्स्ले २२ जनवरी २)२५ मा प्रयास नेपालका बालबालिकाहरूको निःशुल्क स्वास्थ्य परीक्षण आयोजना गरेकोछ ।

१६ औं चिनिया टोलीले बालबालिकाहरूको शारीरिक अवस्था तथा आवश्यकताहरु ध्यानमा राखी वरिष्ठ चिकित्सकहरुद्धारा माया र ममताका साथ विभिन्न जाँचहरु, स्वास्थ्य शिक्षा तथा गतिबिधिहरु संचालन गरे ।

चिनियाँ नयाँ वर्षको अवसरमा नेपाल चाइनिज इन्टरप्राइजेज एसोसिएसन अफ नेपालले बालबालिकाका लागि एक वर्षको आपूर्तिसँगै दैनिक अत्यावश्यक किराना, खाजा र अन्य अत्यावश्यक सामग्रीको लागि रु ६ लाखको चेक हस्तान्तरण गरेको हो ।

२०१७ देखी प्रयास नेपाल तथा अन्य अनाथालयहरूलाई सहयोग गर्दै हिमालय Pc/nfOG:f\ CEAn\ सदस्यहरुमध्य एक उत्कृष्ट उदाहरण बनेको छ । कार्यक्रममा हिमालय एअरलाइन्स्का अध्यक्ष झो एनयोडले स्नेहपूर्वक भन्नुभयो, हामीले गर्ने सबै कुरा सानो योगदान हुन सक्छ तर यी बालबालिकाको निर्दोष मुस्कान र दृढताले हामीलाई अनन्त शक्ति प्रदान गर्दछ । बालबालिकाहरू खुसी तथा स्वस्थ रुपमा हुर्किएको देख्न पाउनु नै हाम्रो लागि सबैभन्दा ठूलो प्रेरणा हो ।

२००३ मा स्थापना भएदेखि प्रयास नेपाल विशुद्ध



रूपमा अनाथ बालबालिकाहरूको जीवन सुधार गर्न प्रतिबद्ध भई गैर-नाफामुखी र गैर-सरकारी संस्थाको रूपमा रहेको छ । हाल, अनाथालयले १८ बालबालिकाको हेरचाह गर्दै आएकोछ । उनीहरूलाई न्यानो आश्रय, गुणस्तरीय शिक्षा र विचारशील मनोवैज्ञानिक सहयोग प्रदान गर्दै, बच्चाहरूलाई आत्मनिर्भर र आत्मविश्वासी व्यक्तित्व विकास गर्न र सामाजिक र स्वतन्त्र जीवनको भविष्यको लागि राम्रोसँग तयार पार्न जीवन सीप प्रशिक्षण प्रदान गर्दै आएकोछ ।

यसप्रकारका परोपकारी क्लिनिक तथा सहयोगी गतिविधिहरूले अनाथालयका बालबालिकाहरूलाई सहायता मात्र ल्याएनन् तर दुई देश बीचको मित्रतत्रामा न्यानो र उज्यालो रंग थपेर पूर्ण रूपमा चिनियाँ कम्पनीहरूको नेपाल प्रति जिम्मेवारी र अपार स्नेहलाई व्यक्त गरेको छ ।

# महालक्ष्मी विकास बैंकको बिजचित्र फोटो ग्राफी प्रतियोगिता सम्पन्न

काठमाडौं- महालक्ष्मी विकास बैंकले अगस्ट १० मा मनाइने विश्व फोटोग्राफी दिवसको अवसरमा आयोजना गरेको महालक्ष्मी विकास बैंक बिजचित्र फोटोग्राफी प्रतियोगिता-संस्करण २ को पुरस्कार वितरण कार्यक्रम मिति २०८१/१०/१० मा सम्पन्न भएको छ ।

काठमाण्डौं, दरबारमार्गमा आयोजित एक कार्यत्रमका बीच प्रथम, द्बितिय, तृतीय स्थान तथा पब्लिक च्वाईस अवार्ड हासिल गर्ने फाटोग्राफरहरुलाई पुरस्कार वितरण गरिएको हो । उक्त प्रतियोगितामा सुवास श्रेष्ठ प्रथम, शौरभ बज्राचार्य दोस्रो र पारस राज बर्जाचार्य तेस्रो हुन सफल हुनुभएको छ ।

विजेताले प्रमाणपत्रका साथमा क्रमश २० हजार, १५ हजार र १० हजार रुपैयाँको नगद पुरस्कार प्राप्त गर्नुभएको छ । पब्लिक च्वाईसमा सबैभन्दा बढी भोट प्राप्त गरी घनश्याम श्रेष्ठले पब्लिक च्वाइस अवार्ड जित्न सफल हुनुभएको छ । उहाँले प्रमाणपत्रको साथै ५ हजार रुपैयाँ प्राप्त गर्नुभएको छ ।

यसका साथै पुरस्कार वितरण कार्यक्रममा बैंकको तर्फबाट उत्कृष्ट १५ फोटोग्राफरहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो । उक्त प्रतियोगितामा सहभागी हुनका लागि स्थानीय साना तथा मझौला व्यापारहरू झल्कने फोटोहरु खिचेर पठाउनुपर्ने नियम अनुसार विभिन्न फोटोग्राफरहरू मार्फत विभिन्न फोटोहरू प्राप्त भएका थिए ।

प्रतियोगितामा समावेश सम्पूर्ण फोटोहरू उत्कृष्ट तथा स्थानीय तहमा सञ्चालित व्यवसायहरु मार्फत सकारात्मक सन्देश प्रदान गर्ने खालका थिए । प्रतियोगिताको मूल्याब्कनकोलागि छानिएको ३ सदस्यीय निर्णायक समिति मार्फत १५ वटा उत्कृष्ट तस्बिरहरू छानिएको थियो ।




यस्ता कार्यहरुबाट स्थानीय व्यवसाय, उद्यमशिलता, स्थानीय कलाको प्रबर्द्धन तथा प्रचारप्रसार गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

बैंकले हालै ग्राहकहरुलाई अत्याधुनिक, सुरक्षित तथा सहज डिजिटल बैंकिङ्ग सुविधा उपलब्ध गराउने बैंकको निति बमोजिम मोबाइल एप्लिकेसनलाई परिष्कृत गर्दै ' महालक्ष्मी स्मार्ट साथी' सञ्चालनमा ल्याएको छ ।

# यशोदा फूड्सको ग्लोबल कार्यकारी निर्देशकमा शाह नियुक्त

काठमाडौं- खाद्यवस्तु बजारको अग्रणी नेपाली कम्पनी यशोदा फूड्स प्रालिले ग्लोबल कार्यकारी निर्देशकमा जीपी शाहलाई नियुक्त गरेको छ । अन्तर्राष्ट्रिय बजारमा वार्षिक टर्नओभर एक सय करोडभन्दा माथि भएको यशोदा फूड्सले भारत, क्यानडा, अमेरिका, बहराइन, कुवेत, यूएई, जापान, यूके, इटाली, मलेसिया, अष्ट्रेलिया, कोरिया, भुटान, हङकङ, कतार, सिंगापुर, न्यूजिल्यान्ड लगायत १५ भन्दा बढी देशमा आफ्ना उत्पादन निर्यात गर्ने गरेको छ ।




कम्पनीले शुक्रबार काठमाडौंको हायात सेन्ट्रिक होटलमा आयोजना गरेको समारोहमा नयाँ नेतृत्वसँग उत्कृष्टताको नयाँ यात्रा प्रारम्भ भएको घोषणा गरेको छ । समारोहमा औद्योगिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरू, व्यावसायिक साझेदारहरू र मिडिया प्रतिनिधिहरूको उपस्थिति थियो । कार्यक्रममा कम्पनीका अध्यक्ष चुन्नुप्रसाद पौडेल शाहलाई ग्लोबल कार्यकारी निर्देशकमा नियुक्त गरिएको घोषणा गर्दै कम्पनीमा स्वागत गरे । शाहको नियुक्तिसँगै यशोदा फुड्सको उत्साहजनक अध्यायको सुरुवात भएको उनले बताए ।

शाह व्यवसायलाई बजार वृद्धि, अन्तर्राष्ट्रिय बजार विस्तार, ब्राण्ड बिल्डिङ, व्यवसायको कार्यगत क्षमताको विस्तार, संस्थागत विकास र टिम बिल्डिङका लागि अनुभवी मानिन्छन् । व्यवसायिक करियरअन्तर्गत उनले ख्यातिप्राप्त कन्जुमर गुड्स ब्राण्डहरु चाउचाउ, एक्स्क्रुडेड स्न्याक्स, पोट्याटो चिप्स, फ्राइड स्न्याक्स, वेफर्स, मसलाहरु, इन्स्ट्यान्ट पास्टा, सिगरेट, फलफूजन्य पेय पदार्थ, इनजी ड्रिंक्स तथा बियरका श्रेणीहरुमा बजार बढाउन उनले काम गरेको जानकारी कार्यक्रममा दिइयो ।

कार्यक्रममा यशोदा फूड्सको साझेदार हुन पाउँदा उत्साहित भएको भनाइ शाहले राखे । 'गुणस्तर र नवप्रवर्धनका सवालमा सदैव अग्रणी रहँदै आएको यो कम्पनीसँग आफ्नो यात्रा अगाडि बढाउन पाउँदा म निकै उत्साहित छु, उनले भने । कम्पनीले आफ्नो परम्परागत विरासतलाई कायम राख्दै खाद्य पदार्थ क्षेत्रमा नवप्रवर्तन भित्र्याउने उद्देश्य लिएको जानकारी समारोहमा दियो । भविष्यमा खाद्य उत्पादनका साथै एफएमसीजी उत्पादनहरु पनि सार्वजनिक गर्ने कम्पनीको लक्ष्य छ ।

## आर्थिक शिथिलताले लगानी गर्न सकेनौं–सीइओ खनाल

काठमाडौं- राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत (सीइओ) देवेन्द्ररमण खनालले अर्थतन्त्रमा शिथिलता र व्यवसायीहरुको मनोबल बढ्न नसक्दा कर्जाको माग बढ्न नसकेको बताएका छन् ।

उनले बिहिबार बैंकको ६) औं वार्षिकोत्सव कार्यक्रममा बैंकहरुमा तरलता फालाफाल रहेपनि व्यवसायीहरुको मनोबल अझै कमजोर रहेको बताए ।

'बजारमा अझै पनि शिथिलता देखिन्छ । आर्थिक गतिविधि अपेक्षितरुपमा बढ्न सकेको छैन । जसले गर्दा पैसा बैंकमा थुप्रिरहेको छ,' उनले भने, 'आर्थिक गतिविधि सुस्त हुँदा ऋण असुली प्रभावित भइ बैंकिङ क्षेत्रमा निष्कृय कर्जा बढिरहेको छ ।'

चालु आर्थिक वर्ष दोस्रो त्रैमाससमा वाणिज्य बैंकहरुको औसत निष्कृय कर्जा बढेर ४ ।४८ प्रतिशत पुगेकामा राष्ट्रिय वाणिज्य बैंकको ४ । ९६ प्रतिशत छ । उनले यसो भनिरहँदा कार्यक्रममा अर्थमन्त्री विष्णु पौडेल पनि थिए ।

खनालले बढ्दो रेमिटेन्सले तरलता फालाफाल हुन पुगेको र त्यही कारण ब्याजदर घट्न गइ व्यवसायीहरुले राहतको महशुस गरेको बताए ।

## खेलकुद

# कृष्णप्रसाद भट्टराई स्मृति कराते फागुनमा




**काठमाडौं–** फागुन तेस्रो साता कृष्णप्रसाद भट्टराई स्मृति कराते प्रतियोगिता हुने भएको छ । नेपाल कराते महासंघको प्राविधिक सहयोग र गोदावरी नगरपालिकाको मुख्य प्रायोजनमा जिल्ला प्रमुख डोजो लगनखेलले प्रतियोगिता फागुन १६ देखि १८ सम्म सातदोबाटोस्थित नेपाल कराते ऐकेडेमीमा आयोजना गर्ने भएको छ ।

कराते महासंघको वार्षिक क्यालेन्डरमा समावेश प्रतियोगितामा पुरुषतर्फ ५, ५५, ६, ७५, ८४ केजीमुनि र ८४ केजीमाथि तथा एकल र टिम काता प्रतिस्पर्धा हुनेछ । त्यस्तै महिलातर्फ एकल र टिम कातासहित ४५, ५५ ६१, ६५, ६८ केजीमुनि र ६८ केजीमाथि तौल समूह समावेश गरिएको छ ।

प्रतियोगितामा ७ प्रदेश र ३ विभागीय टोलीले भाग लिनेछन् । प्रत्येक टोलीमा २१ खेलाडी, १ प्रशिक्षक र १ व्यवस्थापक रहने छ । प्रतियोगिता आयोजनाको अनुमानित बजेट ५५ लाख रुपैयाँ रहेको आयोजक डोजोका अध्यक्ष दीपक श्रेष्ठले जानकारी गराए ।

विजेताले ट्रफीसहित १ लाख, उपविजेताले ५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । सर्वोकृष्ट महिला तथा पुरुष खेलाडीले जनही २५ हजार पाउनेछन् । फेयर प्ले टिमलाई ट्रफी तथा उदीयमान महिला तथा पुरुष खेलाडीलाई स्वर्ण पदकसहित आइएफले मान्यताप्राप्त कम्बो गी (पोसाक) प्रदान गरिनेछ ।

आयोजक र गोदावरी नगरपालिकाबीच प्रायोजन गर्ने पूर्वसहमतिअनुसार चौथो संस्करणका लागि सोमबार सम्झौता पत्रमा हस्ताक्षर भएको छ । आयोजक डोजोका अध्यक्ष दीपक श्रेष्ठ र गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जनले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए । मुख्य प्रायोजक गोदावरी नगरपालिकाले २ लाख रुपैयाँ उपलब्ध गराउने छ ।

# मछिन्द्रलाई सडन डेथमा हराएर संकटा फाइनलमा

काठमाडौं- संकटाले मछिन्द्रलाई सडन डेथमा पराजित गर्दै सोमबार सभापति कपको फाइनल यात्रा तय गरेको छ । दशरथ रंगशालमा भएको खेलको टाइब्रेकरमा संकटा ८-७ ले विजयी भएको हो ।

निर्धारित समयको खेल गोलरहित बराबरीमा टुंगिएपछि प्रतिस्पर्धा सिधै पेनाल्टी सुटआउटमा गएको हो । संकटाका कप्तान तथा गोलरक्षक दीप कार्कीले आयुष घलानको प्रहार बचाए । दयानन्द सिंहको प्रहार भने बाहिरियो ।

संकटाका लागि इमान बोएटाङले निर्णायक प्रहारलाई गोलमा परिणत गरे । त्यसअगाडि संकटाका लागि चन्द्रकुमार दास पनि गोल गर्न चुकेका थिए । विजयी टिमका लागि राम थापा,



श्रीजन क्षेत्री, सन्तोष खत्री, साम कालोस, दीप, अबेका रिचर्ड र रोश पहारीले गोल गरे ।

मछिन्द्रका तर्फबाट भने समीरराज थोकर, दिवाकर चौधरी, सनिष श्रेष्ठ, ओमोलाजा नुरिन करिम, देवेन्द्र तामाङ, छिरिङ गुरुङ र विमल घर्तिमगरले गोल गरे ।

# कर्णाली सरकारप्रति कांग्रेसमा असन्तुष्टि

काठमाडौं- नेपाली कांग्रेस कर्णाली प्रदेश संसदीय दलका नेता जीवनबहादुर शाहीले प्रदेश सरकारबाट बाहिरिने चेतावनी दिएका छन् ।

सोमबारदेखि सुरु भएको प्रदेश सभा बैठकलाई सम्बोधन गर्दै नेता शाहीले भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री शेरबहादुर बुढालाई बर्खास्त नगरे सरकारबाट बाहिरिने चेतावनी दिएका हुन् ।

'यो सरकार निरन्तर हुने हो भने भौतिक पूर्वाधारमन्त्रीको स्थिति के हुने हो र एउटा दलको नेताको फोन नउठाउने र के गर्छ भन्ने र त्यो मन्त्रीलाई बर्खास्त नगर्दासम्म हामी सरकारमा बस्ने कि नबस्ने मुख्यमन्त्री ज्यू र प्रदेश सभामा बोल्दै शाहीले भने ।

उनले प्रमुख सत्ता साझेदार र संसदको ठुलो दलको नेतालाई अपमान गरिएको भन्दै गठबन्धनबारे पुनर्विचार गर्नुपर्ने समेत चेतावनी दिए ।

प्रदेश सभालाई ४० मिनेट सम्बोधन गरेका शाहीले मुख्यमन्त्री यामलाल कँडेल र सरकारप्रति चर्को आक्रोश पोखे ।

पहिले कांग्रेस-माओवादीको गठबन्धनको सरकार अपवित्र भन्ने मुख्यमन्त्री अहिले कांग्रेससँग एमाले मिलेर सरकार सञ्चालन गर्दा पवित्र भयो त र भन्दै मुख्यमन्त्री कँडेललाई समेत प्रश्न गरे ।

'म यहाँ भएको भए गठबन्धन के हुन्थ्यो थाह छैन,' उनले भने, 'हामी सबै दास भयौं, दलका नेताका दास भयौं,



संघीयता यसरी कसरी कार्यान्वयन हुन्छ र हामीले हाम्रो निर्णय गर्न नपाउने सबै माथिकै नेताले निर्णय गर्दिनुपर्ने हामीले मान्दिनुपर्ने

कांग्रेस प्रदेश सरकारमा गएको फाइदा भएन भन्ने गुनासो मात्रै सुन्नुपरेको भन्दै उनले सरकार र सांसदले कानुनसम्मत कुरालाई समेत अड्काएको टिप्पणी गरे ।

'सरकार अविच्छिन्न उत्तराधिकारी संस्था हो, तर यहाँ नेतृत्वपिच्छे योजना काट्ने काम भएको छ,' उनले भने ।

उनले सभामुखको भूमिकामाथि समेत प्रश्न उठाए । 'प्रदेश सभा कसको छायामा परेको हो र सभामुख र सचिव र सभामुख उपसभामुखबीच बोलचाल छैन, सचिव उपसचिवबीच बोलचाल छैन यस्तो तरिकाले संसद् चल्छ भन्दै उनले प्रश्न समेत गरे ।

उनले पहिलो सरकारले ल्याएको योजनाको अपनत्व अर्को सरकारले लिनुपर्नेमा अहिलेको सरकारले त्यसो नगरेको बताए । उनले पहिले सम्झौता गरेको ८ बुँदे सहमति कार्यान्वयन गर्नुपर्ने बताए । 'म त कारबाही भोग्न तयार छु, हटाउला, हैन भनेपछि अख्तियारमा हाल्लान् कठै बिचरा १ मेरो प्रमुख सचेतकले यहाँबाट अख्तियारका विषयमा बोल्दा किन बोलेको कारबाहीमा परिएला रे अब उपरान्त यस्तो कुरा भयो भने राम्रो हुँदैन' उनले भने ।

शाही बोल्नु अघि मुख्यमन्त्री कँडेलले सरकारले गरिरहेका कामबारे फेहरिस्त पेस गरेका थिए । लगत्तै बोलेका शाहीले वाइडबडी कान्डमा आफू मुछिएका विषयमा स्पष्ट पारे । 'यो कान्डमा मलाई जेल नै गइदिहोस् भनेर प्रदेश परिसरमा निकै बदनामसम्म गराए,' उनले भने ।

# गौतमबुद्ध विमानस्थलमा 'आरएनपी-एआर' प्रणाली लागु



काठमाडौं- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा बिहीबारदेखि 'रिक्वायर्ड नेभिगेसन पर्फर्मेसन-अथोराइजेसन रिक्वायर्ड' आरएनपी-एआर प्रणाली लागु भएको छ ।

भिजिबिलिटी समस्या समाधान गर्न यसअघि लागु गर्ने भनिएको 'इन्स्ट्रुमेन्टल ल्यान्डिङ सिस्टम' (आईएलएस) प्रणालीलाई भारतले अनुमति नदिएपछि भूउपग्रहमा आधारित आरएनपी-एआर प्रणाली लागु गरिएको हो ।

विशेषगरी मंसिर, पुस र माघमा बाक्लो हुस्सुले भिजिबिलिटी कम हुने समस्याले गौतमबुद्ध विमानस्थलमा अन्तर्राष्ट्रिय मात्र नभई आन्तरिक उडान समेत स्थगन हुने गरेको छ । यो समस्या समाधानका लागि आरएनपी-एआर प्रणाली लागु गरिएको हो ।

हाल यान्त्रिक विधि आईएफआर० मा उडान गर्दा विमानस्थलको न्यूनतम भिजिबिलिटी १ हजार ८ सय मिटर चाहिने अवस्था रहेकोमा अब आरएनपी-एआर विधिमा ९ सय मिटर भिजिबिलिटी भए जहाज उडान र अवतरण गर्न सक्नेछन् ।

भिजिबिलिटी र अन्य कारण देखाउँदै मंसिर पहिलो सातादेखि उडान सुरु गरेका कतार एयरवेज, थाई एयर एसिया, फ्लाई दुबई र जजिरा एयरवेजले एक महिना मात्रै उडान गरेर सेवा बन्द गरेका थिए । नेपाल एयरलाइन्सले भने काठमाडौं- भैरहवा-दुबई साताको चार दिन उडान गर्दै आएको छ ।

आरएनपी-एआर प्रविधि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यसअघि नै प्रयोगमा आइसकेको छ । यो प्रणालीले भिजिबिलिटीका कारण उडान र अवतरणमा आइरहने अवरोध हटाउने विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले बताए ।

उनका अनुसार ४२ दिने सूचना प्रकाशन अवधि पूरा भएकाले आजदेखि भूउपग्रहमा आधारित आरएनपी-एआर एप्रोच विधि औपचारिक रूपमा लागु भएको हो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका तर्फबाट 'आरएनपी-एआर' प्रणाली लागु भए पनि अब विदेशी वायुसेवाहरूले आफ्नो देशको विभागीय मन्त्रालयसँग अनुमति लिई आफ्ना पाइलटलाई तालिम दिएर परीक्षण उडान गरेपछि मात्रै यो विधि व्यवहारमा कार्यान्वयन हुनेछ ।

'आरएनपी-एआर प्रणाली लागु भए पनि विदेशी वायुसेवाका जहाजले उडान र अवतरण गर्न भने समय लाग्ने तिवारीले बताए ।

यो विधि लागु गर्न विदेशी वायुसेवा कम्पनीहरूले सम्बन्धित देश र नेपाल नागरिक उड्डयन प्राधिकरणको प्रावधान पूरा भएको आधारमा अनुमति लिनुपर्ने हुन्छ । त्यसपछि पाइलटहरूलाई यो विधिमा अवतरण गराउन तालिम टेस्ट फ्लाइट चाहिने हुँदा यी सबै प्रक्रिया पूरा गर्न समय लाग्ने तिवारीले जानकारी दिए ।

'हाल गौतमबुद्धमा आईएफआर विधिमार्फत उडान गर्दा न्यूनतम भिजिबिलिटी १ हजार ८ सय मिटर चाहिने अवस्था रहेकोमा अब आरएनपी-एआर विधिमा ९ सय मिटर भिजिबिलिटी भए जहाज अवतरण गर्न सक्नेछन्,' तिवारीले भने, 'यो विधि एउटा फ्लाइङ रुट हो, जसमा कुन डाइरेक्सन, कुन एंगलबाट जहाज एयरपोर्टमा ल्यान्ड गर्ने भन्ने पाइलटले फलो गर्नुपर्छ ।'

त्रिभुवन विमानस्थलमा रहेको आरएनपी-एआर प्रणालीले १ हजार १ सय मिटरको न्यूनतम भिजिबिलिटिमा काम गर्छ भने गौतमबुद्धमा ९ सय मिटर भिजिबिलिटीमा काम गर्ने उनले जानकारी दिए ।

भिजिबिलिटीको समस्या देखाउँदै उडान बन्द गरेको जजिराले फेब्रुअरी १ बाट उडान गर्ने छ ।

फ्लाई दुबईले १३ जनवरीबाट उडान सुरु गरेको छ । कतार एयरवेजले ३० नोभेम्बरसम्मको मात्र उडान अनुमति लिएको थियो । त्यस यता उडान गर्ने टुंगो छैन ।

महाप्रबन्धक तिवारीका अनुसार हालसम्म फ्लाई दुबईले आरएनपी-एआर एप्रोच प्रणाली लागु गर्न चासो र रुचि देखाएको छ भने जजिराका केही जहाजमा यो प्रणाली जडान छ ।

जजिराले 'लो भिजिबिलिटी' मा गौतमबुद्ध विमानस्थलमा टेस्ट फ्लाइट गरेर सफल भए निरन्तरता दिन सक्ने तिवारीले बताए ।

उद्घाटनको तीन वर्ष पुग्न लाग्दा समेत विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान पर्याप्त र नियमित नचल्दा रुपन्देहीमा ठूला होटलसहित पर्यटन व्यवसायमा निजी क्षेत्रले गरेको अर्बौं लगानीले प्रतिफल उठाउन नसकेको भन्दै व्यवसायी निराश छन् ।

सरकारले विमानस्थल राम्ररी चल्न अत्यावश्यक श्रम स्वीकृति, मेडिकल जाँच, भिसा, म्यानपावर कम्पनीका शाखा, एयरलाइन्स कम्पनीका सम्पर्क कार्यालय भैरहवामा स्थापना नगर्दा श्रमिक तथा व्यवसायीलाई काठमाडौं नै धाउनुपर्ने बाध्यताले भैरहवा विमानस्थलले पर्याप्त यात्रु पाउन सकेको छैन ।

भैरहवा विमानस्थलबाट जहाज चढ्ने यात्रु पर्याप्त हुन नदिन काठमाडौं केन्द्रित ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय हवाई टिकटमा 'कार्टेलिङ' गरेर स्थानीय ट्राभल एजेन्सीलाई टिकट काट्न पोर्टल खुला नगरेकाले ९५ प्रतिशत टिकट काठमाडौंबाटै बिक्री गरिएको यहाँका स्थानीय ट्राभल एजेन्सीहरूको गुनासो छ ।

हवाई टिकट बिक्रीको सिन्डिकेट अन्त्य गर्न पटक-पटक आग्रह गरे पनि सुनुवाइ नभएको उनीहरूको गुनासो छ ।

भैरहवाबाट उडान गर्ने सबै एयरलाइन्सको टिकट काउन्टर र सम्पर्क कार्यालय विमानस्थलमा हुनुपर्ने, अनलाइन भिसा र इन्टरनेसनल डिजिटल डाइरेक्ट पेमेन्ट प्रणाली हुनुपर्ने तथा बौद्धमार्गी बाहुल्य देश चीन, भियतनाम, म्यानमार, श्रीलंका, भुटान, जापान लगायतबाट सिधा उडान हुन सकेमात्र गौतमबुद्ध विमानस्थल दीगो रूपमा चल्न सक्ने सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठ बताउँछन् ।

# गाडीमा राखेर तरकारी बेच्ने माथि नगर प्रहरीको धरपकड



काठमाडौं- काठमाडौं महानगर पालिकाको नगर प्रहरी बलले गाडीमा तर कारी राखेर बेच्नेमाथि धरपकड गरेको छ।

काठमाडौं महानगरपालिका-१५ डल्लुस्थित चौतारा अगाडि सानो हाते ट्याक्टर (पावर ट्रिलर)मा तरकारी र राखेर बिक्री गरिरहेका सुमन तामाङमाथि महानगर प्रहरीले धरपकड गरेको हो।

'स्थानीयहरूकै आग्रहमा तामाङले तर कारी बेच्न त्यहाँ ट्याक्टर रोकेका थिए। स्थानीयले तरकारी खरिद गरिरहेकै समयमा एक्कासि महानगर प्रहरीले उनीमाथि धर पकड गरे,' प्रत्यक्षदर्शी एक स्थानीय भन्छन्।

स्थानीय बासिन्दाले नगर प्रहरीको नियन्त्रणबाट तामाङलाई फुत्काउने प्रयास गरे पनि नसकिएको ती प्रत्यक्षर्शी भन्छन्। 'विचरा उनले तरकारी बेच्दा कसैलाई अफ्ठयारो भएकै थिएन, हामीले केही नगर्न भन्यौं। तर, महानगर प्रहरीको टोलीले यहाँ बेच्न मिल्दैन, अनुमती खै, भन्दै जंगिँदै उनलाई जबरजस्ती लिएर गए,' उनले भने।

अन्तराष्ट्रिय

# भारतमा पुष्पक एक्सप्रेस ट्रेन दुर्घटनामा मारिनेको सत्त्या १९ पुग्यो

काठमाडौं- भारतमा पुष्पक एक्सप्रेस दुर्घटनामा मारिनेको सङ्ख्या १९ पुगेको छ। मृतकहरूमध्ये १२ जनाको पहिचान भएको छ। यीमध्ये चार जना नेपाली रहेको थाहा भएको छ।

प्रहरीले मृतकका आफन्तहरूसँग सम्पर्क गरिरहेको छ। बुधबार करिब ५ बजे जलगांवमा पुष्पक एक्सप्रेसमा आगो लागेको अफवाह फैलिएको थियो। त्यसपछि हतारिएर यात्रीहरू झ्यालबाट हाम फाल्न लागे।

यस क्रममा अर्को लिकमा आइरहेको रेलले ठक्कर दिँदा घटनास्थलमै १२ जनाको मृत्यु भयो। अन्य कयौं घाइते भएका थिए। घाइतेहरूको उपचार भइरहेको बताइएको छ।

सनाखत भएका चार जना नेपालका भएको प्रहरीले बताएको छ। मृतकहरू ४२ वर्षीय कमला नवीन भण्डारी, ४० वर्षका लच्छीराम कन्नु पाशी, १० वर्षका हिमु नंदराम विश्वकर्मा र ८० वर्षीय जयकला बडे जयकाडी हुन्।



यीमध्ये तीन जना उत्तर प्रदेशमा बस्दै आएका थिए। दुर्घटनाका अरु १० जना घाइतेको विभिन्न निजी अस्पतालमा उपचार भइरहेको बताइएको छ।

# दुई किशोरी मृत भेटिएको घटनाको प्रभावकारी अनुसन्धान गर्न माग



अछाम- अछामको ढकारी गाउँपालिका-८पल्साँताका दुई किशोरी जंगलमा मृत फेला परेको घटनाबारे अछामका जनप्रतिनिधिले गृहमन्त्रीको ध्यानाकर्षण गराएका छन्।

ढकारी गाउँपालिका- ८ की १५ वर्षीया सरस्वती खड्का र १४ वर्षीया इशरा खड्काको सुनघर सामुदायिक वनमा शनिबार बेलुकी मृत अवस्थामा फेला परेका थिए। घटना शंकास्पद रहेको भन्दै आफन्तले प्रभावकारी अनुसन्धान गर्न माग गरिरहेका छन्।

यही क्रममा अछाम- १ का सांसद तथा पूर्वमन्त्री शेरबहादुर कुँवर, अछाम-२ का सांसद् पुष्पबहादुर शाह, पञ्चदेवल विनायक नगरपालिकाका प्रमुख अम्बिका चलाउनेले यो घटनाको प्रभावकारी अनुसन्धानको आग्रह गर्दै गृहमन्त्री रमेश लेखकको ध्यानाकर्षण गराएका हुन्।

त्यसक्रममा गृहमन्त्री लेखकले घटनाको सुरुवातदेखि नै आफूले गम्भीरतापूर्वक लिएको भन्दै प्रहरीले सुक्ष्म रूपमा अनुसन्धान गरिरहेको बताएका थिए।

घटनाको अनुसन्धान गरिरहेको प्रहरीले दुईजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय अछामका प्रवक्ता प्रहरी नायब उपरीक्षक ईश्वरी भण्डारीका अनुसार किशोरीसँगै गोठालो गएका दुईजनालाई अनुसन्धानका लागि नियन्त्रणमा लिइएको हो। २० वर्षमुनिका भएकाले प्रहरीले उनीहरूको परिचय भने खुलाएको छैन।

शनिबार घरबाट बाख्रा चराउन गएका दुवै किशोरी बेपत्ता भएका थिए। खोजी गर्ने क्रममा दुवै जना मृत अवस्थामा फेला परेका थिए। टाउको र शरीरमा गम्भीर चोट लागेको अवस्थामा भेटिएका उनीहरूको भेरी प्रादेशिक अस्पतालमा पोष्टमार्टम गरिएको छ।

यसबीच, गृहमन्त्रीसमक्ष भारतमा हालै भएको रेल दुर्घटनामा ज्यान गुमाएका अछामका पाँच नागरिकको परिवारलाई राहतका लागि पनि ध्यानाकर्षण गराएको सांसद् कुँवरले जानकारी दिए। गृहमन्त्रीसँगको छलफलमा जनप्रतिनिधिहरूले रोजगारीका लागि भारत जाने नेपाली मजदुरको स्वास्थ्यबीमाको व्यवस्था गर्न पनि माग गरेका थिए।

# इतिहासबाट पाठ सिकेर भूकम्प प्रतिरोधी घर बनाउन आवश्यक : उपप्रधानमन्त्री सिंह



काठमाडौं- उपप्रधानमन्त्री एवं शहरी विकासमन्त्री प्रकाशमान सिंहले भूकम्पका कारण हुने जनधनको क्षति कम गर्न राष्ट्रिय भवन संहीता पालना गर्नु अपरिहार्य रहेको बताएका छन्।

सोमबार काठमाडौंमा २७ औं भूकम्प सुरक्षा दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।

नेपाल बाढी, पहिरो, महामारी, आगलागी, भूकम्प लगायतका कयौं प्रकोपहरूबाट बारम्बार प्रभावित हुने गरेको उनले बताए।

'हाम्रो मुलुक बाढी, पहिरो, महामारी, आगलागी, भूकम्प लगायतका कयौं प्रकोपहरुबाट बारम्बार प्रभावित हुने गरेको छ। पछिल्लो समय हामी लगातार विभिन्न खालका विपद्जन्य घटनाबाट प्रभावित हुँदै आएका छौं,' उनले भने, 'भूकम्पका कारण हुने जनधनको क्षति कम गर्ने राष्ट्रिय भवन संहीता पालना गर्नु अपरिहार्य छ। बाढी, पहिरो, महामारी, आगलागी, चट्याङ, शितलहर लगायतका विपद्का घटनाहरूबाट सुरक्षित हुन त्यसैअनुसार पूर्वतयारी तथा खोज उद्धार अवस्थामा सुधार गर्नु आवश्यक छ।'

इतिहासबाट पाठ सिक्दै अब बन्ने घर संरचनाहरू भूकम्प प्रतिरोधी बनाउनु अहिलेको आवश्यकता रहेको उपप्रधानमन्त्री सिंहको भनाइ थियो।

'भूकम्पीय जोखिम न्युनीकरणका लागि भूकम्प प्रतिरोधी थेग्न नसकेरै हाम्रो घर एवं भौतिक संरचनाहरू भूकम्पमा गर्ल्यामगुर्लुम ढले र हामीले अथाह जनधनको क्षति व्यहोर्नुपऱ्यो। इतिहासबाट पाठ सिक्दै अब बन्ने घर संरचनाहरू भूकम्प प्रतिरोधी बनाउनु आजको आवश्यकता हो,' उनले भने।

उपप्रधानमन्त्री सिंहले प्राकृतिक प्रकोप र विपद्ले भौगोलिक सीमा नभन्ने भन्दै सबैको सहकार्य र सहयोग जरुरी रहेको पनि बताए।

# हुम्ला अस्पतालमा ज्येष्ठ नागरिकको उपचारका लागि छुट्टै शय्याको व्यवस्था

हुम्ला- हुम्ला जिल्ला अस्पतालमा ज्येष्ठ नागरिकको उपचारका लागि छुट्टै शय्याको व्यवस्था गरिएको छ।

जिल्ला अस्पतालमा उपचारका लागि आउने ज्येष्ठ नागरिकमा अन्य बिरामीसँगै उपचार हुँदा समस्या हुने भएकाले पनि उनीहरूको उपचारमा सहज होस् भनेर छुट्टै शय्याको व्यवस्था गरिएको सामाजिक सुरक्षा इकाइ शाखाका उजिर बोहराले जानकारी दिए।

उपचारका लागि आउने ज्येष्ठ नागरिकका लागि दुई शय्या र ज्येष्ठ नागरिकलाई न्यानोका लागि दुई हिटरको व्यवस्था गरेको बोहराले जानकारी दिए।

जिल्ला अस्पतालमा चार वर्षदेखि संघीय सरकारको स्वास्थ्य मन्त्रालयबाट ज्येष्ठ नागरिक कार्यक्रम लागुहुँदै आएको स्वास्थ्य सेवा कार्यालय प्रमुख डा. प्रतिक्षा भारतीले जानकारी दिइन्।

माघदेखि अस्पतालमा भर्ना भएका ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई सो व्यवस्था गरिएको उनले बताइन्। उनका अनुसार ७५ वर्ष भन्दामाथिका सबै खाले ज्येष्ठ नागरिकलाई अस्पतालमा उपलब्ध हुने सबै सेवा निःशुल्क छ।

त्यसैगरी ६५ देखि ७४ वर्षको ज्येष्ठ नागरिकलाई ७५ प्रतिशत छुट र ६० देखि ६४ वर्ष उमेर समूहका ज्येष्ठ नागरिकलाई ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ। ज्येष्ठ नागरिक कार्यक्रमका लागि १० लाख बजेट केन्द्रबाट उपलब्ध हुँदै आएको छ।




# छिचोलियो कोशी करिडोर, त्रिदेशीय सडक सञ्जाल स्थापित

काठमाडौं- तीन देशको सडक सम्पर्क स्थापित गर्ने उत्तर-दक्षिण कोशी करिडोर सडक छिचोलिएको छ। करिडोरअन्तर्गत खाँदबारी-किमाथांका सडक खण्ड अन्तर्गत १५८ किलोमिटर सडकको 'ट्र्याक ओपन भएसँगै भारत-नेपाल र चीनबिच सडक सञ्जालले सम्पर्क स्थापित गर्ने सडक छिचोलिएको हो।

२०७६ सालको भदौ २२ गते मन्त्रिपरिषद्ले उक्त ट्र्याक खुलाउने कार्यको जिम्मेवारी नेपाली सेनालाई दिएको थियो। सोहीअन्तर्गत सेनाले 'ट्र्याक ओपन गराएको हो। रानी विराटनगरदेखि संखुवासभाको किमाथाङ्कासम्मको ३९० किलोमिटर सडकले नेपाललाई दुवै छिमेकी मुलुकसँगको सडक सम्पर्क थप सहज बनाएको छ।

च्याम्ताङ्देखि घोङ्प्पासम्मको १-५१ किलोमिटरको ट्र्याक निर्माणसँगै यस क्षेत्रबाट हुने अन्तर्राष्ट्रिय व्यापार समेत वृद्धि हुने अपेक्षा गरिएको छ।




ट्र्याक ओपन कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको उक्त सडकमा श्रोत अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गरे। कोशी करिडोर पूर्ण सञ्चालनमा आएसँगै यहाँको कृषि, पर्यटन तथा व्यवसायीक क्षेत्रमा हुने विकासले स्थानीयको आर्थिकस्तर समेत उक्सिने मन्त्री दाहालले बताए। भौगोलिक विकटता र प्राकृतिक प्रतिकुलताका बिच पनि नेपाली सेनाले ट्र्याक खुलाउन निरन्तर मेहनत गर्नु सह्रानीय भएको उनले उल्लेख गरे।

ट्र्याक खुल्ला गराउने कार्यक्रममा मन्त्री दाहालका साथै रक्षामन्त्री मानवीर राई, उर्जामन्त्री दीपक खड्का, पूर्वसांसद राजेन्द्र गौतमलगायत उपस्थित थिए।

**सास्कृतिक सम्पदाको संरक्षण र सम्मानमा हातेमालो गरौं**

# बिशाल नेपालीको निर्देशनमा "दुई कदम" सार्वजनिक



काठमाडौं- चर्चित निर्देशक बिशाल नेपालीको निर्देशनमा निकै रमाइलो माया पिरतीको 'दुई कदम' बोलको गीत BNF Production युटुब च्यानलबाट सार्वजनिक भएको छ ।

उक्त गीतको शब्द, संगीत र आवाज रबिन भुसालको रहेको छ । साथै गीतको भिडियो निर्देशन बिशाल नेपालीले गरेका हुन् भने, छायांकन दिनेश पराजुलीको रहेको छ भिडियोमा आयुष खान र अश्विनी शाहीको अभिनय आकर्षक रुपमा देख्न सकिन्छ ।

आधुनिक शैलीमा तयार पारिएको यस गीतले माया, पिरतीको भावनालाई प्रस्तुत गरेको छ, जसमा बिशाल नेपालीको निर्देशनको विशेष प्रशंसा गरिएको छ ।

# "केटीहरु घमण्डि नेपालको" अडियो सार्वजनिक




■ इनिश बुढाथोकी


काठमाडौं- केटीहरु घमण्डि नेपालको अडियो माघ ९ गते सार्वजनिक भएको छ ।

लोकदोहोरी जनारामा बनेको यो गीतको शब्द बालकुमार श्रेष्ठको रहेको छ भने संगीत सुरज बुढाथोकीको रहेको छ । यस गीतमा सारदा रसाइली र सोहि गीतको संगीतकार सुरज बुढाथोकीको आवज रहेको छ ।

उक्त गीतको अहिले अडियो सुरेस काफ्ले टपिक्स युट्युब च्यानलबाट सार्वजनिक गरीएको छ भने सोहि गीतको भिडियो भने केहि समय पछि सार्वजनिक गर्ने संगीतकार सुरज बुढाथोकीले बताएका छन् ।

सुरज बुढाथोकी पछिल्लो समय गीत संगीत क्षेत्रमा सक्रिय देखिदै आएका छन् । उनको केहि महिना अघि 'सम्झना आइरन्छ अति' बोलको गीत सार्वजनिक भएको थियो । उक्त गीतले दर्शक श्रोताको अपार माया पाएको थियो ।

# छैटौं नेपाल सांस्कृतिक अन्तर्राष्ट्रिय चलचित्र महोत्सव काठमाडौंमा सुरु




काठमाडौं- छैटौं नेपाल सांस्कृतिक अन्तर्राष्ट्रिय चलचित्र महोत्सव माघ १७ गतेबाट काठमाडौँमा सुरु हुँदैछ ।

चलचित्र विकास बोर्डको सहकार्यमा नेपाल संस्कृति तथा चलचित्र केन्द्रको आयोजनामा माघ १९ गतेसम्म तीन दिन सञ्चालन हुने चलचित्र महोत्सवमा ४७ देशका ९८ चलचित्र, लघुचलचित्र तथा वृतचित्रहरु प्रदर्शन हुँदैछन् । सबै चलचित्रहरु निःशुल्क हेर्न पाईने आयोजक टीमले जनाएको छ ।

चलचित्र महोत्सवको ओपनिङ दरबारमार्गस्थित राईजिङ मलको क्युएस सिनेमामा हुनेछ । ओपनिङमा मोहन अभिलाषीले निर्देशन गरेको लघुचलचित्र पाउलो प्रदर्शन गरिनेछ । राईजिङ मलको दुवै हलमा २ दिनसम्म नियमित चलचित्रहरु प्रदर्शन गरिने र चलचित्र विकास बोर्डमा ३ दिनसम्म चलचित्रहरु प्रदर्शन गरिने महोत्सवका निर्देशक सन्तोष सुवेदी बताउँछन् ।

महोत्सवमा सहभागी राष्ट्रिय चलचित्रतर्फ लक्ष्मण सुनारको बुलाकी, दिनेश राउतको पुजार साकी, सत्यराज चौलागाईको विच्छेद, सनोल दासको पखेटा, कमल एक्चाई मगरको डेसान लगायतका चलचित्रहरु प्रदशर्न हुनेछन् । त्यस्तै विभिन्न विधाका छोटा चलचित्रहरुमा द स्कुल वाल, रित्तो गाउँ, डाकिनी, निर्देश, थ्रेसहोल्ड, कन्तुर, अदेख, चराको नाच, मनु, बेली लगायत अन्य थुप्रै लघुचलचित्र र डकुमेन्ट्रीहरु समावेश गरिएको छ ।

झण्डै ३ दर्जन राष्ट्रिय तथा ५ दर्जनबढी अन्तराष्ट्रिय चलचित्रहरु प्रदर्शन हुने महोत्सवमा चलचित्र प्रदर्शनीसँगै मास्टर क्लास, प्यानल डिस्कसन, विभिन्न साँस्कृतिक नृत्यहरु र कला प्रदर्शनीसमेत रहनेछ। महोत्सवमा राष्ट्रिय तथा अन्तराष्ट्रिय चलचिकर्मीहरुको उपस्थिति रहनेछ ।

महोत्सवमा ८ जना अन्तर्राष्ट्रिय र ८ जना राष्ट्रिय जुरी चयन गरिएको छ। जसमा भारतबाट चलचित्र निर्देशक निपोन धौला, जर्मनी चलचित्रकर्मी फाविन मात्थियस र चलचित्रकर्मी इभिन बिराजी, बेलायतबाट चलचित्र लेखक तथा निर्देशक लुईसा प्रिटोलानी, क्यानडाबाट चलचित्र निर्देशक जुडी ग्लाड्स्टोन, इरानबाट अभिनेत्री, लेखक तथा निर्देशक तिमा टाघिजादेह, बहराईनबाट चलचित्र निर्माता निर्देशक एवम । लेखक इभा दाउद र रशियाबाट चलचित्रकर्मी इरिना बेराजी रहेका छन् ।

नेपालबाट निर्णायकको रुपमा संगीतकार तथा चलचित्र विकास बोर्डका पूर्व अध्यक्ष शम्भुजीत बाँसकोटा, अभिनेत्री मिथिला शर्मा, चलचित्र निर्देशक दीपेन्द्र के । खनाल, अभिनेता प्रदीप खड्का र टेलिभिजनकर्मी टिकाराम यात्री अभिनेत्री सुरक्षा पन्त, चलचित्र निर्माता एवम् निर्देशक रौनक बिक्रम कँडेल र निर्देशक दिनेश लिङदेन रहेका छन् ।

मौलिक कला, संस्कृतिको संरक्षण, संवर्द्धन र चलचित्र विकासको लागि हरेक वर्ष अन्तराष्ट्रिय चलचित्र महोत्सव आयोजना गरिरहेको आयोजक टीमले जानकारी दिएको छ। सम्बन्धित निकायहरु आफैले कला, चलचित्र र संस्कृति संरक्षण र संवर्द्धनका कार्यक्रमहरु गर्नुपर्नेमा विगतका चलचित्र महोत्सवहरु आयोजना हुँदै गर्दा सम्बन्धित निकायहरुबाट साथ, सहयोग नपाएको महोत्सव निर्देशक सन्तोष सुवेदीले गुनासो व्यक्त गरे ।

यूनेस्कोको कार्यक्रमअन्तर्गत काठमाडौं महानगरपालिका फिल्म सिटीमा घोषणा भएको तर महानगरमै यति ठूलो महोत्सव हुँदासमेत महानगरले बेवास्ता गरेको उनी बताउँछन् ।

नेपालको राजधानी काठमाडौंमा ४७ देशका चलचित्रहरु समावेश गरेर महोत्सव गर्न पाउँदा आफुलाई मात्र नभएर देशकै लागि गर्वको कुरा रहेको उनी बताउँछन् ।

यो महोत्सवमा उत्कृष्ट चलचित्र, उत्कृष्ट लघुचलचित्रमात्र नभएर उत्कृष्ट महिला चलचित्र, बालबालिका चलचित्र, सांस्कृतिक चलचित्र, एनिमेटेड चलचित्र, मानव अधिकार चलचित्र, डकुमेन्ट्री लगायत धेरै विधाहरु भएकाले अन्य विधालाई पनि प्रोत्साहन गरेको कारण यो चलचित्र महोत्सव अझ बढी महत्वपुर्ण रहेको उनको भनाई छ । नेपालमा विधाअनुसारको विषयवस्तुमा कम फिल्म बन्छ, कि त बन्दै बन्दैन । बनेपनि त्यसलाई प्रदर्शन गर्ने स्थान र प्रोत्साहन गर्ने संस्था छैन । विषयगत चलचित्रहरु उत्कृष्ट बन्दा पनि तिनिहरुले स्थान पाउँदैनन्, पाईहालेपनि प्रतिस्पर्धामा पछाडी नै राखिन्छ । तर यो महोत्सवले सबैलाई समेट्न सकेको उनको दावी छ ।

महोत्सवमा चयन भएका चलचित्रहरूले उत्कृष्ट चलचित्र, निर्देशक, अभिनेता, अभिनेत्री, छायांकार लगायत उत्कृष्ट लघुचलचित्र, वृत्तचित्र, एनिमेटेड चलचित्र, महिला चलचित्र, बालवालिका चलचित्र, मानव अधिकारका चलचित्र जस्ता विभिन्न विधामा प्रतिस्पर्धा गर्नेछन् । यी विभिन्न विधामा सर्वोत्कृष्ट भएका चलचित्र तथा कलाकार प्राविधिकलाई महोत्सवको समापन समारोहमा अवार्ड प्रदान गरिनेछ ।

विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निर्णायकहरुको मूल्यांकनको आधारमा फरकफरक विधाका उत्कृष्ट १५ ओटा राष्ट्रिय तथा १५ ओटा अन्तराष्ट्रिय गरी ३० चलचित्रहरुलाई पुरस्कृत गरिनेछ ।

# "एक्टर टेक वन" को प्रदर्शन रोक्न भन्दै मुद्दा दायर

काठमाडौं- प्रदीप खड्का अभिनीत फिल्म 'एक्टर टेक वन' को प्रदर्शन रोक्न भन्दै मुद्दा दायर भएको छ ।

माघ ४ गतेदेखि प्रदर्शनमा आएको फिल्म 'एक्ट' का निर्माताले १६ गतेदेखि रिलिजमा आउन लागेको फिल्म एक्टरस् टेक वन विरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरेका हुन् ।

दायर रिटमा प्रतिलिपि अधिकार बमोजिम कारबाही गरी उचित क्षतिपूर्ति उपयुक्त आदेश माग गरिएको छ ।

फिल्मको नाम हुबहु चोरी गरेर मौलिकजस्तो देखिने गरी कानूनी प्रावधान समेत छली नाम र कथावस्तु प्रयोग गरेर गैरकानूनी कार्य गरेको आरोप रिटमा लगाइएको छ ।

साथै रिटमा एक्टरस् टेक वनलाई कुनैपनि विधि, पद्दति (सिनेमाघरमा, डिजिटल माध्यममा, टेलिभिजनमा) कहिँ कतै प्रदर्शन नगर्नु नगराउनु भनि रोक्काको आदेश समेत जारी गरि पाऊँ भन्ने माग गरिएको छ ।

रिटमा चलचित्र विकास बोर्ड, निर्माता कम्पनी अदृत फिल्म्स र मोती फिल्म्सलाई विपक्षी बनाइएको छ । 'एक्टर' फिल्मका प्रस्तोता नेपाली डायस्पोरा इन्टरटेनमेन्ट प्रालिको तर्फबाट सम्राट थापाले अदालतमा मुद्दा हालेका हुन् ।




# "लाज शरणम" को पोस्टर सार्वजनिक

काठमाडौं- चर्चित हास्य सिरियल 'सक्किगो नि' समूहद्वारा निर्माण गरिएको फिचर फिल्म 'लाज शरणम्' को नयाँ पोस्टर सार्वजनिक गरिएको छ ।



सार्वजनिक पोस्टरमा फिल्मका मुख्य कलाकारहरू मुकुन्द श्रेष्ठ, महेश त्रिपाठी, विजय बराल, अर्पण थापा र कमलमणि नेपाललाई प्रस्तुत गरिएको छ ।

विशेषरूपमा पोस्टरमा अभिनेता सीताराम कट्टेल (धुर्मुस) को गेटअप चर्चामा छ । नेताको भूमिकामा रहेका कट्टेललाई दोरा(सुरुवाल र ज्वारीकोटमा देखाइएको छ । उनी हात उठाएर अभिवादन गरिरहेका छन्, जसले उनको राजनीतिक चरित्रको संकेत गर्छ ।

उनको लुक्सले पूर्वमन्त्री तथा कांग्रेस नेता मोहम्मद आफतव आलमलाई झल्काएको अनुमान गरिएको छ । साथै पोस्टरमा कफिन बोकेका स्थानीयहरूको दृश्यले फिल्मको गहिरो कथावस्तु झल्काएको छ ।

लाज शरणम् हस्य टेलिशृंखला सक्किगो नि टिमले निर्माण गरेको फिल्म हो । यसमा अर्जुन घिमिरे (पाँडे), सागर लम्साल (बले), हरिष निरौला (ऋकोज), प्रियाना आचार्य (मुन्नी) लगायतका कलाकारले अभिनय गरेका छन् ।

फिल्मको निर्देशन कुमार कट्टेल जिग्री ले गरेका छन् । यसका प्रमुख कलाकारहरूमा विजय बराल, महेश त्रिपाठी, अर्पण थापा, रेणु योगी, विजय लामा, मुकुन्द श्रेष्ठ, माला लिम्बुलगायत छन् ।

जेपिटी क्रियसनको ब्यानरमा निर्माण भएको फिल्ममा नवीन श्रेष्ठ निर्माता, राम नरेश शाह र सृजना खड्का सह( निर्माताको रूपमा रहेका छन् । फिल्मलाई सुदीप बरालले छायांकन गरेका हुन् ।

# "वाह रे जमुना" बोलको गीत बजारमा




'वाह रे जमुना' बोलको गीत बजारमा

काठमाडौं- अमेरिकामा बसोबास गर्दै नेपाली संगीतमा निरन्तर क्रियाशिल गायक रवि सुवेदीको नयाँ गीत 'वाह रे जमुना' को म्युजिक भिडियो सार्वजनिक भएको छ ।

शंकर ज्वलाको शब्द र विकास चौधरीको संगीतमा तयार गरिएको यस गीतको संगीत संयोजन संजय हमालले गरेका छन् ।

गीत देउडा लोक भाकामा तयार गरिएको छ, जसमा गायक सुवेदीले आफ्नो प्रेमिकालाई माया सागरमा सयल गराउन आग्रह गरेका छन् । गीतमा प्रेमका भावनाहरूलाई सुन्दर शब्दमा प्रस्तुत गरिएको छ, जसमा प्रेमिकासँग जीवन बिताउने इच्छा व्यक्त गरिएको छ ।

म्युजिक भिडियोलाई शिव ढकालले छायांकन गरेका छन्, जबकि विनोद बमले सम्पादन गरेका छन् । कमल राईको कोरियोग्राफी र निर्देशनमा तयार गरिएको यो भिडियोमा गायक रवि सुवेदी र नायिका रचना शिवाकोटीको अभिनय र नृत्य प्रमुख आकर्षण बनेको छ ।

यस गीतको म्युजिक भिडियो नेपाली संगीत प्रेमीहरूको बीचमा आकर्षणको केन्द्र बनेको छ र गायक रवि सुवेदीको संगीत यात्रा थप उचाइमा पुग्ने अपेक्षा गरिएको छ ।

# उषा गजुरेल र राजु परियारको "कुटु कुटु" सार्वजनिक

काठमाडौं- गायिका उषा गजुरेल र लोक सम्राट् राजु परियारको स्वरमा 'कुटु कुटु' नामक नयाँ गीतको म्युजिक भिडियो उषा गजुरेल अफिसिययल युटुब च्यानलबाट सार्वजनिक भएको छ ।

उक्त गीतको शब्द दिनेश राज पुरि र संगीत अर्जुन पोखरेलको रहेको छ भने भिडियोलाई सुनिल क्षेत्रिले निर्देशन गरेका हुन, जसमा कोरियोग्राफी अभि वाग्लेको रहेको छ । सुनिल क्षेत्रि र एलिना रायमाझीको नृत्यले भिडियोमा विशेष आकर्षण बनाएको छ ।




अजय रेग्मीले छायांकन गरेका यस भिडियोलाई अमृत चापागाईंले सम्पादन गरेका छन् ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २३, २०८१ साल माघ १५ गते मंगलबार (Jan 28, 2025)

# विश्वकै पहिलो 'ट्रान्सफर्मर एसयुभी' दिपल ई०७ नेपालमा सार्वजनिक




काठमाडौं- नेपालका लागि 'फ्युचरिस्टिक' तथा ' लक्जरियस' इभी ब्रान्ड दिपलको आधिकारिक विक्रेता एमएडब्लू वृद्धिले विश्वकै पहिलो 'ट्रान्सफर्मर एसयूभी' दिपल ई०७ सार्वजनिक गरेको छ ।

अटोमोबाइल प्रविधिको 'चमत्कार'का रुपमा लिइने दिपल ई०७ लाई एमएडब्लू वृद्धिका अध्यक्ष विष्णु अग्रवाल, चांगन अटो एसिया पेसिफिक भीपी गुआन जिन र एमएडब्लू वृद्धिका प्रबन्ध निर्देशक विवेक सिकारियाले संयुक्त रूपमा सार्वजनिक गर्नु भएको हो ।

**नयाँ एसयुभी सेग्मेन्टको उदय**

दिपल ई०७ आफ्नो रूपान्तरणीय क्षमता (ट्रान्सफर्मर क्यापाबिलिटी)मार्फत विल्कुलै नयाँ ड्राइभिङ अनुभव प्रदान गर्दै अटोमोबाइल जगतमा नयाँ अध्यायको सुरुवात गरेको छ ।

यो एसयुभी एउटा बटन थिच्ने बित्तिकै पिकअप ट्रकमा परिणत हुन्छ । एसयुभी, पिकअप र क्याम्पिङ र आरभी (रिक्रिएसनल भेहिकल) सहित चार फरक प्रयोजनका लागि प्रयोग गर्न सकिने ई०७ले लक्जरियस र इन्टिलेजेन्ट एडभेन्चरमार्फत आफूलाई 'फ्युचरिस्टिक मार्भेल'का रुपमा स्थापित गर्नेछ ।

**अतुलनीय फिचर र स्पेसिफिकेसन**

दिपल ई०७ मा 'रियरह्विल ड्राइभ' र 'अलह्विल ड्राइभ'मा उपलब्ध हुनेछ । 'रियरह्विल ड्राइभ भेरियन्ट'मा १९० किलोवाटको मोटर प्रयोग गरिएको छ जसले २५८ पीएस पावर र ३६५ एनएम टर्क उत्पन्न गर्नेछ ।

यसमा ८९.० किलोवाट आवरको ब्याट्री प्रयोग गरिएको छ जसले ५६६ किलोमिटरको सिंगल चार्ज रेन्ज दिनेछ । त्यसैगरी, अलह्विल ड्राइभ भेरियन्टले ४४० किलोवाटको पावर र ६४५ एनएम टर्क उत्पन्न गर्छ । २४० किलोवाट आवरसम्मको फास्ट डीसी चार्जमा जोड्न सकिने यो इभी लामो यात्राका लागि तुरुन्त रिचार्ज गर्न सक्ने क्षमताको छ ।

ई०७ को 'एरोडाइनामिक्स डिजाइन'को 'ड्र्याग को फिसेन्ट' ०.२३७ सीडी रहेको छ जसले गर्दा यसको यात्रा आरामदायी बनाउँछ । त्यसैगरी यसको 'वाटरवेडिंग' क्षमता ६०० एमएम रहेको छ जसले यसलाई खराब भूबनोटमा सहज यात्रा गराउनेछ ।

**स्टाइल र उपयोगिताको सम्मीश्रण**

५ मिटर लामो दिपल ई०७को ह्विलबेस ३१२० एमएम रहेको छ जसले यसलाई 'स्पेसियस' बनाएको छ र 'क्याबिन एक्सपिरियन्स' लाई बेजोड बनाएको छ । यसमा 'स्टाइलिस स्टार रिंग इन्टिग्रेटेड हेडलाइट', 'स्लाइडिंग रियर डोम डिजाइन' र ठूलो 'मल्टिफंक्सन रुफ र्‍याक' रहेको छ जसले ३०० केजीसम्मको 'लोड'लाई उठाउन सक्छ । त्यसैगरी यसमा १३१ लिटरको फ्रंक स्पेस, ६०० केजी क्षमताको बुट र 'अन्डर सिट स्टोरेज' पनि रहेको छ ।

**सुरक्षित र स्मार्ट यात्राका लागि 'इन्टेलिजेन्ट' प्रविधि**

दिपल ई०७ मा प्रयोग गरिएको 'सुपर ब्रेन सेन्ट्रल कम्प्युटिंग प्लेटफर्म'ले 'सिमलेस कन्ट्रोल' र 'रियलटाइम रेस्पोन्स' दिन्छ । यसमा २८.८६ इन्टको 'अग्मेन्टेड रियारिटी हेडअप डिस्प्ले' र १५ ।४ इन्चको 'सनफ्लावर टचस्क्रिन' प्रयोग गरिएको छ जसले 'ड्राइभिंग एक्सपिरियन्स' लाई राम्रो बनाउने मात्र होइन सुरक्षित पनि बनाउँछ । सहज यात्रा र सुरक्षाका लागि यसमा ५ प्रकारको 'क्र्युज असिस्ट', ४ वटा 'पार्किंग असिस्ट' फिचर र १४ 'सेफ्टी प्रोटेक्सन सिस्टम', ५ एमएमको 'वेब राडार', ५ वटा क्यामेरा र १२ वटा 'अल्ट्रासोनिक राडार' प्रयोग गरिएको छ । साथै, यसमा ५४० डिग्रीको 'सराउन्ड भ्यु' र 'सीर सेन्ट्रल कम्प्युटिंग' रहेको छ जसले 'नेभिगेसन' र पार्किंग आदिलाई सजह बनाउँछ ।

**'फ्युचरिस्टिक इन्जिनियरिंग' र 'इकोफ्रेन्ड्ली डिजाइन'**

दिपल ई)७ मा 'गोल्डेन बेल जार सीटीभी इन्टिग्रेटेड ब्याट्री' प्रयोग गरिएको छ जसले अत्यन्त चिसोमा पनि बेमिसाल 'पर्फर्मेन्स' दिनेछ । 'एडाप्टिभ आयल कुलिंग सिस्टम' र 'अल्ट्रा-थिन सिलिकन मोटर कभरिंग' ले ब्याट्रीको 'इफिसेन्सी, रिलायबिलिटी र इनजी सेभिंग'मा मद्दत गर्छ । यसको 'युनिक सुपर पावर सेभिंग मोड' ले ड्राइभिंग रेन्जलाई अझ बढाउँछ ।

**चांगानको विरासतलाई नयाँ उचाइमा पुर्‍याउने इ०७**

दोस्रो ठूलो चिनियाँ अटोमोबाइल कम्पनी चांगानसँग एकसय ६३ वर्ष लामो विरासत छ । संसारभर १४ स्थानबाट उत्पादन केन्द्र र ३४ स्थानमा प्लान्ट भएको चांगानले आविष्कार र दीर्घकालिनतालाई निकै महत्व दिंदै आएको छ ।

ई०७ को सार्वजनिकीकरण कार्यक्रममा बोल्नु हुँदै एमएडब्लु वृद्धिका अध्यक्ष विष्णु अग्रवालले नेपालको इभि बजारमा दिपल एस०७ र एल०७ सफल भइसकेको र यसका लागि सबै ७५० जना ग्राहकप्रति आभार व्यक्त गर्नु भयो ।

# नाडाबाट प्रस्तुत सुझावहरुलाई मनन गरि दिन सरकारलाई आग्रह

काठमाडौं । सरकारले हालैअध्यादशे मार्फत देशको विकासलाई अघि बढाउने र अर्थतन्त्रलाई गतिशिल बनाउन वाधक देखिएका विभिन्न ऐनका बुँदाहरुमा परिवर्तन गरेको छ ।

खाशगरी कालो बजार नियन्त्रण ऐनमा व्यवसायीहरुले २० प्रतिशत भन्दा बढी मुनाफा कमाउन नपाउने व्यवस्था हटाइएको छ । जसका लागि नेपालको नीजि क्षेत्रले दशकौंदेखि सरकारलाई सुझावहरु दिदैआएको थियो । अहिले सरकारले त्यसको आवश्यकता, उदार र खुल्ला बजार अर्थतन्त्रको मूल मर्मलाई महशुसगरी त्यसका वाधाहरुलाई हटाएको छ ।

त्यो निश्चय नै सराहनिय छ । खस्कदै गएको नेपालको अटोमोवाइल्स व्यवसाय र देशको समग्र अर्थतन्त्रमा सुधार ल्याउन र उपयुक्त व्यावसायिक बातावरण निर्माण गर्न नाडाले पटक पटक सरकारलाई विभिन्न सुझावहरु दिदै आएको छ ।


यसै सन्दर्भमा नाडाले अर्थ मन्त्रालयलाई २२ बुँदे दिएकोछ । यसै क्रममा नाडाले उद्यागे वाणिज्य तथा आपूर्ति मन्त्रालयमा एजेन्सी संशोधन र एकिकरणका सम्बन्धमा पनि ४ बुँदे सुझावहरु दिएको छ ।

त्यसगरी नाडाले नेपाल राष्ट्र बैंकलाई मौद्रिक नीतिसंग सम्बन्धित ६ बुंदे सुझावहरु समेत दिएको छ । नाडाका यी सुझावहरु तर्फ पनि सरकारले आवश्यक ध्यान दिनेछ भन्ने हामीले अपेक्षा समेत राखेका छौ ।

अहिले सरकारले प्रोटोकल फर मभु मेण्ट अफ कागी विद रिफरेन्स टुद माटे र भेहिकल्स एग्रिमेण्ट फर द रगेलेशन अफ प्यासञ्जर, पर्सोनल एण्ड कार्गो भेहिकुलर ट्राफिक विटविन बङ्गला देश, भुटान, इण्डिया र नेपाल (विविआइएन) को प्रारुपका विषयमा छलफल चलाउदै आएको सन्दर्भमा यी चार दशेहरु विच खुला यातायात प्रणाली सञ्चालनमा आउनु निश्चय नै स्वागत योग्य विषय हो ।

तर यस विषयमा सरकारले सँझौता गर्दा नेपालमा पर्ने केही व्यावहारिक पक्षहरुबारे विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

# आइएमई पेमा उडान मेला आन्तरिक हवाई टिकटमा सबैभन्दा बढी क्यासब्याक




काठमाडौं- नेपालको पहिलो डिजिटल वालेट आइएमई पे ले आन्तरिक हवाई टिकटमा सबैभन्दा बढी क्यास ब्याक प्रदान गर्ने उदेश्यका साथ उडान मेला नामक योजना सार्वजनिक गरेको छ ।

माघ २ गतेबाट सुरु भएको यस अफर मार्फत आइएमई पेका सेवाग्राहीहरुले आन्तरिक हवाई टिकटमा रु ३०० सम्म क्यास ब्याक प्राप्त गर्न सक्नेछन् ।

योजनामा नियमित ग्राहकहरुले कख्ञ्ज्ञण्ण् प्रोमोकोड राखेर रु । १०० क्यास ब्याक र पहिलो पटक आइएमई पेबाट टिकट खरिद गर्ने ग्राहकहरुले ँक्ष्च्क्तँथ् प्रोमोकोड राखेर रु । ३०० क्यासब्याकको लाभ उठाउन सक्नेछन् ।

हवाई टिकट खरिद गर्ने बेला आइएमई पे एपमा ज्बखभ एचयकयअयमभ सोधिएको ठाउँमा यि प्रोमोकोडहरु राखेर क्यास ब्याक प्राप्त गर्न सकिनेछ ।

आगामी विवाहको सिजन र धेरै सार्वजनिक बिदाहरूलाई लक्षित गर्दै, उडान मेला ले हाम्रा प्रयोगकर्ताहरूलाई थप किफायती र सहज रूपमा यात्रा गर्ने उत्कृष्ट अवसर प्रदान गर्नेछ भन्ने हाम्रो विश्वास छ आइएमई पेका प्रमुख कार्यकारी अधिकृत प्रवीण रेग्मीले बताए ।

# अध्यादेशले लगानी वृद्धिको वातावरण बनाएको चन्द्र ढकालको भनाइ



काठमाडौं- नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले सरकारले हालै ल्याएको अध्यादेशले लगानी वृद्धिको वातावरण बनाएका बताएका छन् ।

उनले मंगलबार आठौं म्याग्दी महोत्सवको समापन समारोहमा अध्यादेशबाट भएको कानुन परिवर्तनबाट निजी क्षेत्र उत्साही भएको बताए ।

'सरकारको तर्फबाट भएको कानुनको परिवर्तनले निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गरेको छ,' उनले भने, 'निजी क्षेत्रको सकारात्मक सुझावलाई ग्रहण गरेर सरकारले छोटो समयमै कानुन परिवर्तन गरी लगानी र सुरक्षाको वातावरण रहेको सन्देश दिएको छ ।'

सरकारको सिफारिसमा राष्ट्रपतिले पुस २० गते सुशासन प्रर्वद्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, निजीकरण र आर्थिक तथा व्यवसायिक वातावरण सुधार र लगानी अभिवृद्धि तथा माघ २ गते भूमिसम्बन्धी केही नेपाल ऐनलाई संसोधन गर्न बनेको अध्यादेश जारी गरेका थिए ।

महासंघका अध्यक्ष ढकालले कोरोना महामारी, रुस र युक्रेनको युद्ध तथा विद्यमान ऐन कानुनका कारण संकुचनमा परेको आर्थिक क्षेत्रलाई चलायमान बनाउन निजी क्षेत्रको सुझाव अनुसार सरकारले अध्यादेश ल्याएको बताए ।

उनले म्याग्दीका उद्योगी, व्यवसायीले तयार पार्ने कृषि, पर्यटन, जलस्रोत सम्बन्धी योजनामा लगानी भित्र्याउन महासंघ मार्फत सहजीकरण गर्ने प्रतिवद्धता जनाए ।

म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष सुविन श्रेष्ठले आर्थिक गतिविधि बढाउन तथा स्थानीय उत्पादनको बजारीकरण र पर्यटन प्रवर्धन गर्न महोत्सव सफल भएको बताए । पुस २८ गते सुरु भएको महोत्सवमा स्थानीय, औद्योगिक उत्पादनका २३० वटा स्टल राखिएका थिए । महोत्सवमा १० करोडको कारोबार भएको श्रेष्ठले बताए ।

सामाजिक अपराध र हिंसा विरूद्ध एकजुट होऔं

◆ अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं,
◆ पिडितलाई न्यान दिलाउन सवैले सहयोग गरौं,
◆ श्र हिंसा र अपराधका घटनालाई रोक्न सामुदायिक सचेतना फैलाऔं, म
◆ हिला र बालबालिकाको सुरक्षामा ध्यान दिऔं,
◆ सामाजिक अपराध र हिंसा विरुद्ध एकतावद्ध भएर आवाज उठाऔं,
◆ अपराध भएको वा हुनसक्ने आशक्ता लागेमा तुरुन्त प्रहरीलाई खबर गरौं,
◆ सामाजमा हुने विभेद, भेदभाव, अन्याय र अत्याचारको सवै मिलेर अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कम्प्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार